का.जि.प्र.का.द.नं. १००/०५२/६०
४ पुस २०८२
शुक्रबार
19 December 2025
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २३, अंक ३०९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# एमालेमा ओलीको अनुमोदन

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ३ पुस



जेनजी विद्रोहपछि चौतर्फी आलोचनामा परेको नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली पार्टीको ११औं महाधिवेशनबाट अनुमोदित भएका छन् । कुनैबेला कार्यकारी पदमा दुई कार्यकालको वकालत गरेका उनी तेस्रो कार्यकालका लागि निर्वाचित भएका हुन् ।

जेनजी आन्दोलन (२३-२४ भदौ)पछि अध्यक्षबाट राजीनामा दिन ओलीलाई पार्टीभित्रैबाट दबाब थियो । उनले नेतृत्वबारे निर्णय लिन भन्दै एक वर्षअघि नै अर्ली महाधिवेशनको घोषणा गरे । झन्डै ७५ प्रतिशत महाधिवेशन प्रतिनिधिको मत लिएर उनी एमाले अध्यक्षमा तेहेरिएका छन् । एमाले-माओवादी केन्द्रबीच एकतापछि बनेको नेकपा कालसमेत जोड्दा उनी चौथोपटक सबैभन्दा ठुलो वामपन्थी दलको अध्यक्ष बनेका हुन् । १० औं महाधिवेशनमा सूची पढेर नयाँ कार्यसमितिको घोषणा गरेको भन्दै आलोचना बेहोरेका ओलीले यसपटक आन्तरिक लोकतन्त्रको अभ्यासमा कुनै बाधा पुऱ्याएनन् । उनलाई पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको साथ लिएर वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले चुनौती दिएका थिए । तर पदाधिकारीदेखि केन्द्रीय सदस्यसम्म अधिकांश पदमा अध्यक्ष ओली प्यानलकै उम्मेदवार निर्वाचित भएका छन् । योसँगै मंसिर २७ मा भक्तपुरको सल्लाघारीको चौरमा उद्घाटन भएको महाधिवेशन ६ दिनपछि सकिएको छ ।

पोखरेलले कुल मतदाताको एक चौथाइ मत मात्र प्राप्त गरे । अध्यक्षमा >>> पृष्ठ २ मा



## अर्ली महाधिवेशनका चार सन्देश

जेनजी आन्दोलनका क्रममा भएको मानवीय क्षतिको आरोप एवं चौतर्फी आलोचनाका बीच एमाले अध्यक्ष केपी शर्मा ओलीले पार्टीको अर्ली महाधिवेशनबाट आफूलाई अनुमोदन गराएका छन् । पुराना दलहरूप्रति बेखुसी छाइरहेकाबेला एमाले महाधिवेशनले देशभर नयाँ राजनीतिक तरंग पैदा गरेको छ । आफूमाथि चौतर्फी 'हमला' भइरहेको दाबी गरेका अध्यक्ष ओली महाधिवेशनमार्फत मुख्यत: चार सन्देश दिएका छन् । पहिलो, पुराना दलहरूप्रति आकर्षण घटेको छैन । पछिल्ला तीन महिनामा एमालेले वडादेखि राजधानीसम्म सानाठुला सभा गऱ्यो । वडा, पालिका, जिल्ला, प्रदेश हुँदै २७ >>> पृष्ठ २ मा

## लथालिंग मेलम्ची खानेपानी

# कतै पाइप पुग्न सकेन कहीं चुहावट

पानीको प्यास मेट्ने आशमा काठमाडौंवासीले चार दशक बिताए । मेलम्ची खानेपानी आयोजना बन्यो र पानी आयो । तर पाइप पुऱ्याउन नसक्दा कैंयन घरमा पानी पुग्न सकेको छैन । पानी पुगेको ठाउँमा पनि चुहावट समस्याले नागरिक हैरान छन् ।



"पुरानो पाइप लाइन भएका अधिकांश पाइपहरूमा लिकेजको समस्या छ ।"

**राजेन्द्रप्रसाद पन्थी**
सूचना अधिकारी
मेलम्ची खानेपानी आयोजना

**सपना बोहरा/काठमाडौं**
काठमाडौं, ३ पुस

काठमाडौं उपत्यकामा दैनिक पर्याप्त, स्वच्छ र नियमित खानेपानी आपूर्ति गर्न मेलम्चीको पानी ल्याएको पाँच वर्ष भयो । दैनिक १७ करोड लिटर पानी मेलम्चीबाट आउँछ । तर ५० लाख जनसंख्या भएको काठमाडौंमा मेलम्चीको पानी नियमित आपूति हुन सकिरहेको छैन ।

अझै पनि काठमाडौंको व्यस्त सहर र साँघुरा सडकमा पानी पुऱ्याउन नसकिएको मेलम्ची खानेपानी आयोजनाका सूचना अधिकारी राजेन्द्रप्रसाद पन्थी बताउँछन् ।

मेलेम्चीको पानी पुगे पनि लिकेजको समस्या छ । 'पुरानो पाइप लाइन भएका अधिकांश पाइपहरूमा लिकेजको समस्या छ,' उनले भने, 'साँघुरा एकै गल्लीहरूमा विद्युत्, पानी, ढल र टेलिफोनका तार पनि जोडनुपर्ने भएकाले समस्या देखिएको हो ।

काठमाडौंभित्र एक सय वर्ष पुरानो पाइप प्रणालीका कारण ३० देखि ४० प्रतिशत पानी चुहावट भएर खेर जाने गरेको काठमाडौं उपत्यका खानेपानी लिमिटेडले जनाएको छ । हाल मेलम्चीको पानी महाराजगन्ज, बानेश्वर र ललितपुरका केही भागमा मेलम्चीको पानी पुगेको तर नियमित भएको छैन ।

प्राय: ठाउँहरूमा हप्तामा एक दुईपटक मात्र आउने गरेका छन् । आयोजना सुरु भएको करिब २२ वर्षमा पानी काठमाडौं आइपुगेको भए पनि मेलम्चीको खानेपानी आयोजना २०७७ साल फागुन २२ गते पहिलोपटक सुन्दरीजलमा ल्याइएको थियो । चैत १५ गते मेलम्चीको पानी परीक्षण वितरणस्वरूप उपत्यकावासीको >>> पृष्ठ २ मा



# उत्साही रास्वपा

आगामी प्रतिनिधि सभाको निर्वाचनको तयारीमा होमिइसकेको रास्वपाका नेता/कार्यकर्ता पार्टी सभापति रवि लामिछाने छुट्ने अदालतको आदेशले उत्साही भएका हुन् । उनीहरू राजनीतिक प्रतिशोधले हारेको भनेर खुसी प्रकट गरिरहेका छन् ।



"पार्टी सभापतिज्यू थुनामुक्त हुने आदेशले उत्साह थपेको छ ।"

**सोविता गौतम**
नेतृ, रास्वपा

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ पुस

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई उच्च अदालत बुटवलको तुलसीपुर इजलासले रिहा गर्न आदेश दिएको छ । बुटवलको सुप्रिम सहकारीको बचत अपचलन मुद्दामा थुनामा रहेका लामिछानेका सम्बन्धमा यस्तो आदेश आएसँगै रास्वपाका नेता/कार्यकर्ता उत्साहित भएका छन् ।

रास्वपाकी नेता सोविता गौतम सामाजिक सञ्जाल फेसबुकमा लेख्छिन्, 'प्रतिशोधले धकेलेको कारण अपवादको सिकार बन्नुभएका हाम्रा सभापति अन्तत: थुना मुक्त हुनु (आदेश) भएको छ ।' उनका नजरमा यो आदेशले पार्टी नै उत्साहित भएको छ । अगाडि लेख्छिन्, 'आज पार्टी सभापतिज्यू थुनामुक्त हुनुभएको आदेशले उत्साह थपेको छ ।'

अदालतको आदेशलगत्तै रास्वपाका नेता/कार्यकर्ता नख्खु कारागार परिसर पुगे । तर उच्च अदालत बुटवलको तुलसीपुर इजलासले लामिछानेलाई >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# शक्तिशाली टास्कफोर्स बनाएर ठगविरुद्ध कारबाहीमा उत्रिने श्रममन्त्रीको उद्घोष

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ मंसिर



श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री राजेन्द्रसिंह भण्डारीले वैदेशिक रोजगारमा रहेको ठगी रोक्न कडा रूपमा प्रस्तुत हुने बताएका छन् ।

२५औं अन्तर्राष्ट्रिय आप्रवासन दिवसमा आप्रवासनको व्यवस्थापन तथा पुन: एकीकरणका विषयमा मन्त्रालयमा आयोजित कार्यक्रममा मन्त्री भण्डारीले आफूलाई प्रधानमन्त्री सुशीला कार्कीले वैदेशिक रोजगारमा रहेको ठगी रोक्न कडा रूपमा प्रस्तुत हुन निर्देशन दिएको भन्दै कुनै मोलाहिजा नगरी कडा रूपमा प्रस्तुत हुने बताए ।

आफू अब्बल अनुसन्धान गर्ने प्रहरी अधिकारीको पृष्ठभूमिबाट मन्त्रीको जिम्मेवारीमा आएको भएपनि वैदेशिक रोजगारभित्र रहेका ठगीका कारण आफूलाई श्रममन्त्रीको हैसियतले गाडीमा झण्डा फहराएर हिँड्न समेत लज्जा र ग्लानी हुने गरेको बताए । उनले भने, 'त्यही हिनताबोधका कारण म सार्वजनिक समारोहबाहेक अन्य समयमा गाडीमा राष्ट्रिय झण्डा फहराएर हिँड्ने गरेको छैन ।'

कार्यक्रमको सुरुवातमा लिखित मन्तव्य राखेका मन्त्री भण्डारीले लिखित धारणापछि निजी धारणा राख्दै आफू श्रममन्त्री भएको थाहा पाएपछि गाउँलेले बधाई दिँदा श्रम मन्त्रालयलाई सरम 'लाज'को मन्त्रालय भन्दै खिसिट्युरी गरेको बताए । मन्त्री भण्डारीले मन्त्रालयले आगामी सोमबारसम्म शक्तिशाली टास्कफोर्स गठन गरेर कुनै लाज सरम वा संकोच नमानी ठगीमा संलग्नहरूविरुद्ध कारबाहीमा उत्रिने बताए । मन्त्री भण्डारीले ठगीमा संलग्न वैदेशिक रोजगार व्यवसायीलाई कारबाही गर्नेबारे नेपाल >>> पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
४ पुस २०८२ शुक्रबार
19 December 2025 Friday

# निर्वाचन महोत्सव बन्दै छ : मन्त्री खरेल

**ललितपुर/मस-** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले निर्धारित समयमा निर्वाचन सम्पन्न गर्न सरकारले आफ्ना तर्फबाट तयारी गरिरहेको बताएका छन् ।

गोरखापत्र संस्थानद्वारा बिहीबार यहाँ आयोजित 'गोरखापत्र डिस्कोर्स'को उद्घाटन समारोहमा उनले आगामी फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनलाई महोत्सव बनाउनुपर्नेमा जोड दिए ।

सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्री खरेलले भने, 'निर्वाचन सफल बनाउने वातावरणका लागि सरकारले काम गरिरहेको छ, मुलुक निर्वाचनमा प्रवेश गरिसकेको छ । निर्वाचनत उत्सव होइन, अब महोत्सव बन्दैछ ।'



निर्वाचनका लागि सरकारले स्रोतसाधन र जनशक्तिको व्यवस्था गरेर तयारी गरिरहेको उनले जानकारी दिए । उनले भने,'मुलुक निर्वाचनको दिशामा अगाडि बढिसकेको छ, सरकारले सबै तयारी गरिसकेको छ, निर्वाचन आयोगले पनि निरन्तर काम गरिरहेको छ। सबैजसो राजनीतिक दल निर्वाचनमा होमिएका छन् ।'

सञ्चारमन्त्री खरेलले जेनजी आन्दोलनको जगमा बनेको वर्तमान सरकारले भ्रष्टाचार नियन्त्रण, सुशासन कायम र निर्वाचन सम्पन्न गर्ने कार्यदिशा पूरा गर्न सक्रिय भएको उल्लेख गरे ।

उनले तीन महिनामा ३० भन्दाबढी भ्रष्टाचारका मुद्दा अदाललतमा पुगेका जानकारी दिँदै विगतका दिनमा प्रभाव र दबाबमा मुद्दा अगाडि नबढ्ने अवस्थाको अन्त्य भएको प्रष्ट पारे । मन्त्री खरेलले भने, 'हामीले भ्रष्टाचार नियन्त्रणका निकायलाई स्वतन्त्र रूपमा अगाडि बढ्न सहयोग गरेका छौं ।'

सञ्चारमन्त्री खरेलले गोरखापत्र डिस्कोर्सबाट प्राप्त निष्कर्षलाई सरकार र सम्बन्धित निकायले ग्रहण गर्ने प्रतिबद्धता जनाए ।

# १८ सरकारी कार्यालयमा छड्के

**धनुषा/मस-** मधेश प्रदेशका १८ वटा सरकारी कार्यालयमा छड्के निरीक्षण गरिएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट दुई/दुई जनाको सम्मिलित आठ वटा टोली बनाएर मंगलबार र बुधबार छड्के अनुगमन गरिएको हो ।

अनुगमनका क्रममा मंगलबार ४८ र बुधबार २४ जना गरी ७२ जना कर्मचारी कारबाहीमा परेका निमित्त प्रमुख सचिव रामकुमार महतोले जानकारी दिए । पदीय मर्यादा अनुरूप काम नगरेको पाइएका दुई जना उपसचिवलगायत विभिन्न मन्त्रालयमा कार्यरत कर्मचारीसहित ७२ जना कारबाहीमा परेको उनले बताए ।

कर्मचारीले लापरबाही गरेको जनगुनासो बढेपछि जनकपुरधामस्थित प्रदेश सरकारका विभिन्न मन्त्रालय र मातहतका १८ वटा कार्यालयमा लगातार दुई दिन गरेको छड्के अनुगमनको क्रममा बिदा स्वीकृतिबिना नै घर बसेका ३४ जना र तोकिएको पोसाक नलगाई कार्यस्थलमा उपस्थित भएको पाइएका ३८ जनालाई कारबाही गरिएको हो ।

त्यस क्रममा खेलकुद तथा समाज कल्याण मन्त्रालयका नौ जना, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका चार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका तीन, शिक्षा तथा संस्कृति मनत्रालयका पाँच, गृह सञ्चार तथा कानुन मन्त्रालय एक, उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालयका आठ, वन तथा वतावरण मन्त्रालयका छ, भौतिक पूर्वाधार विकास मन्त्रालयका पाँच, ऊर्जा सिँचाई तथा खानेपानी मन्त्रालयका तीन जनालगायत विभिन्न कार्यालयका कर्मचारीहरू कारबाहीमा परेका हुन् ।

प्रदेश सरकार मातहतका आठै जिल्लामा रहेका कार्यालयको छड्के अनुगमनलाई निरन्तरता दिइने निमित्त मुख्य सचिव महतोले बताएका छन् । यसअघि सरकारी काम कारबाहीलाई चुस्तदुरूस्त र प्रभावकारी बनाउने उद्देश्यसहित मुख्यसचिव महतोले २३ बुँदे निर्देशन जारी गरेका थिए ।

## एमालेमा...

ओलीले १ हजार ६सय ६३ मत प्राप्त गर्दा उनका प्रतिस्पर्धी पोखरेलले ५ सय ६४ मतमा चित्त बुझाउनुपरेको छ । टिमलाई एक ढिक्का राख्न संस्थापन पक्षले निकै मिहेनत गर्नुपर्‍यो । पदाधिकारीमा धेरै नेताको आकांक्षाले प्यानल घोषणाले असन्तुष्टि छरप्रस्ट भए । निवर्तमान उपमहासचिव प्रदीप ज्ञवाली केन्द्रीय सदस्य मात्र उठे । महासचिवमा ज्ञवाली र पृथ्वीसुब्बा गुरुङको दाबी थियो । ओलीले शंकर पोखरेललाई नै दोहोर्‍याउन चाहेपछि असन्तुष्टि चुलिएको थियो । १९ पदाधिकारीमा ओली प्यानल पुरै हाबी छ । पोखरेल पक्षबाट उपाध्यक्ष गोकर्ण विष्ट र उपमहासचिवमा योगेश भट्टराई मात्र विजयी भए । भूगोलमा पोखरेल प्यानल करिब-करिब शून्यमा परिणत भयो भने केही सदस्य पनि निर्वाचित भएका छन् । महासचिवमा ओली प्यानलबाट शंकर पोखरेलले दोस्रो कार्यकालका जित हासिल गरेका छन् । उनले १ हजार २ सय २८ मत प्राप्त गर्दा सुरेन्द्रप्रसाद पाण्डेले ९ सय ९९ मत पाए । उपाध्यक्ष पदमा पृथ्वी सुब्बा गुरुङले १ हजार ७ सय ३७, विष्णुप्रसाद पौडेलले १ हजार ६ सय ७५, रामबहादुर थापा 'बादल'ले १ हजार ५ सय १६, गोकर्णराज विष्टले १ हजार ३ सय ६८ र रघुजी पन्तले १ हजार २ सय ५८ मत प्राप्त गरे । उक्त पदमा गुरुप्रसाद बराल, बिन्दा पाण्डे, परशुराम मेघी गुरुङ, अरुण नेपाल, टंकप्रसाद कार्की र भीमप्रसाद आचार्य पराजित भए । उपमहासचिव पदमा लेखराज भट्ट, रघुवीर महासेठ र योगेश भट्टराई निर्वाचित भएका छन् । भट्टले १ हजार ४ सय ५२, महासेठले १ हजार ३ सय ६८ र भट्टराईले १ हजार ३ सय ४८ मत प्राप्त गरे । यस पदमा विष्णुप्रसाद रिमाल, आनन्दप्रसाद पोखरेल, वैजनाथ चौधरी र राजेन्द्रप्रसाद गौतम पराजित भए ।

सचिव पदमा नौ जना निर्वाचित भएका छन् । लोकप्रिय मतमा सबैभन्दा अगाडि महेश बस्नेत आएका छन् । त्यस्तै, पद्माकुमारी अर्याल, छविलाल विश्वकर्मा, शेरधन राई, हिक्मतकुमार कार्की, खगराज अधिकारी, यमलाल कँडेल, राजन भट्टराई र भानुभक्त ढकाल सचिवमा विजयी भए । यी सबै अध्यक्ष ओली प्यानलका हुन् । बस्नेतले १ हजार ५ सय ४४, अर्यालले १ हजार ५ सय ३०, विश्वकर्माले १ हजार ५ सय ६, राईले १ हजार ५ सय ३, अधिकारीले १ हजार २ सय ३१, कार्कीले १ हजार ३ सय ३७, कँडेलले १ हजार १ सय ८५, भट्टराईले १ हजार १ सय ८१ र ढकालले १ हजार १ सय ८ मत पाए ।

पोखरेल प्यानलबाट सचिवमा प्रतिस्पर्धी बनेका गोकुलप्रसाद बास्कोटा, ठाकुरप्रसाद गैरे, रचना खड्का, कर्णबहादुर थापा, अग्निप्रसाद खरेल, विनोद ढकाल, कृष्णगोपाल श्रेष्ठ पराजित भएका हुन् । त्यस्तै, बिनाटिम स्वतन्त्र रूपमा सचिवमा उम्मेदवारी दिएका पेम्बा लामा, लालबाबु पण्डित, इन्द्रलाल साप्कोटा र पुरुषोत्तम पौडेल पराजित भए ।

ओलीको कमिटीमा विष्ट र भट्टराईले नै ईश्वरको टिम धान्नुपर्नेछ । तर ओलीको पेलानमा उनीहरू पार्टी कमिटीमा हवीगत हुने विश्लेषण भएको छ । पार्टीभित्र लोकतन्त्र र विधि बसाल्ने भन्दै छुट्टै प्यानल बनाएर निर्वाचनमा होमिएका ईश्वर पोखरेल टिमले राजनीतिक रूपमा विजय हासिल गरेको दाबी गरेको छ ।

### सुरेन्द्र र विष्णु रिमाल रिङ आउट

एमाले महाधिवेशनले केही रोचक नतिजा दिएको छ । निवर्तमान उपाध्यक्ष सुरेन्द्र पाण्डे केन्द्रीय कमिटीमा पनि अटाएनन् । अध्यक्ष ओलीको चर्को आलोचकका रूपमा महासचिव पदका उम्मेदवार थिए । महासचिव र केन्द्रीय सदस्य दुवैमा पराजित भएपछि पाण्डे एमाले केन्द्रीय कमिटीबाट रिङआउट भएका छन् ।

त्यस्तै, अध्यक्ष ओलीका विश्वास पात्र मानिएका निवर्तमान उपमहासचिव विष्णु रिमाल पनि रिङ आउट हुन पुगे । ओली प्यानलले फराकिलो अन्तरले अधिकांश पदाधिकारी र केन्द्रीय सदस्य जित्दा उनी उपमहासचिव मात्र होइन, केन्द्रीय सदस्यमा पनि पत्याइएनन् । नवौं महाधिवेशनमा सचिवमा पराजित रिमाललाई १०औं महाधिवेशनमा ओलीले सर्वसम्मत उपमहासचिव निर्वाचित गराएका थिए । रिमालको सट्टा महाधिवेशन प्रतिनिधिले संस्थापनइतर प्यानलका योगेश भट्टराईलाई निर्वाचित गरेका छन् ।

### बादल र लेखराजलाई लोकप्रिय मत

नेकपा विभाजनका बेला एमालेमै बसेका पूर्वमाओवादी पृष्ठभूमिका नेताहरू रामबहादुर थापा बादल र लेखराज भट्ट पनि यो महाधिवेशनबाट अनुमोदित भएका छन् । उनीहरूले तुलनात्मक रूपमा लोकप्रिय मत प्राप्त गरेका छन् । १०औं महाधिवेशनमा पूर्वमाओवादी समूह र १० बुँदे समूहका नेताहरू व्यवस्थापन गर्न अध्यक्ष ओलीले सूची नै पढ्नुपरेको थियो । तर यसपटक त्यति मेहनत गर्नुपरेन । सुरुमा ओलीले भट्टलाई सचिवमा दोहोर्‍याएर भानुभक्त ढकाललाई उपमहासचिव बनाउन खोजेका थिए । भट्टले अस्वीकार गरेपछि ढकाललाई सचिवमा झारिएको थियो ।

### सचिवमा तेस्रो पुस्ता

यसपटक एमाले पदाधिकारीमध्ये धेरैको चासो सचिवमा थियो । जहाँ तेस्रो पुस्ताका भनिने नेताहरूको बाहुल्य थियो । पद्मा अर्याल र छविलाल विश्वकर्मा दोहोरिएबाहेक अन्य सात नेताहरू पहिलोपटक पदाधिकारी बनेका हुन् । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्की, कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेल, शेरधन राई, भानुभक्त ढकाल, राजन भट्टराई, खगराज अधिकारी र महेश बस्नेत सचिवमा निर्वाचित भएका छन् । पछिल्लो जेनजी आन्दोलनपछिको कठिन परिस्थितिमा अध्यक्ष ओलीको सुरक्षालगायत युवा परिचालन गरेको जस पनि महाधिवेशन प्रतिनिधिले बस्नेतलाई दिएका छन् । उनले सचिवमा सर्वाधिक धेरै मत प्राप्त गरेका छन् ।

### एलिजादेखि सुनिता र सुहाङसम्म

एमालेले यसपटक युवा पुस्तालाई प्राथमिकतामा राखेको सन्देश प्रवाह गर्न खोजेको देखिन्छ । कोटा छुट्टयाएरै १५ युवालाई केन्द्रीय कमिटीमा ल्याएको छ । २९ वर्षीया इन्जिनियर एलिजा गौतम सबैभन्दा कान्छी केन्द्रीय सदस्य बनेकी छन् । त्यस्तै, युवा संघका अध्यक्ष क्षितिज थेबे, काठमाडौं महानगरकी उपमेयर सुनिता डंगोल, निवर्तमान सांसद सुहाङ नेम्वाङ, पूर्वअखिल नेता नरेश रोकायलगायत नेताहरू केन्द्रीय कमिटीमा परेका छन् । सुदूरपश्चिम प्रदेशबाट गोविन्द गिरी, कर्णाली प्रदेशबाट रुद्रबहादुर शाही, लुम्बिनी प्रदेशबाट लिलामणि गौतम, गण्डकी प्रदेशबाट नवराज ओझा, बागमती प्रदेशबाट निशा अधिकारी, मधेश प्रदेशबाट मोबिन आलम र कोशी प्रदेशबाट क्षितिज थेवे निर्वाचित भएका छन् । राजधानी विशेषबाट काठमाडौं उपमेयर डंगोल, आदिवासी जनजातितर्फबाट मनोत ताम्ली र सम्राट गौचन, मधेशी तर्फबाट अमरकुमार यादव र रोनित साह, दलिततर्फबाट निता घतानी निर्वाचित भएका छन् । केन्द्रीय सदस्य खुलामा नरेश रोकाया र सुशीलकुमार थापा निर्वाचित भएका छन् । खुलाबाट नरेश रोकाया र सुशीलकुमार थापा निर्वाचित भएका छन् । त्यसले पार्टीलाई नयाँ र पुरानो पुस्ताको समन्वयमा अघि बढाउन खोजेको सन्देश महाधिवेशनले दिएको नवनिर्वाचित सचिव राजन भट्टराईले बताए ।

## अर्ली ...

मंसिरमा सल्लाघारीको विशाल सभासम्म आइपुग्दा पार्टीपंक्तिलाई एक ठाउँ राख्दै एमालेको औचित्य सकिइसकेको छैन भन्ने सन्देश दिएको छ ।

अर्को, उनले एमालेमा ओलीको विकल्प छैन भन्ने सन्देश दिएका छन् । पार्टीभित्र र बाहिर, मिडिया र नागरिक समाजमा जसरी ओलीको आलोचना भइरहेको छ, पार्टी पंक्तिमा भने उनी अत्यधिक लोकप्रिय छन् भन्ने पुष्टि महाधिवेशनबाटै गराए । अध्यक्षमा उनी झन्डै ७५ प्रतिशत मतसहित निर्वाचित भएका छन् । तेस्रो सन्देश नयाँ पुस्तालाई केन्द्रीय कमिटीमा ल्याएर दिएका छन् । हरेक निर्वाचन क्षेत्रबाट एक-एक युवा प्रतिनिधि चयन गर्नुका साथै १५ केन्द्रीय सदस्यको अनिवार्य कोटा बनाएर युवाका लागि एमालेमा ठाउँ छ भन्ने सन्देश ओलीले दिएका छन् ।

११औं महाधिवेशनमार्फत ओलीले दिएको अर्को सन्देश आन्तरिक लोकतन्त्रको सुदृढीकरण हो । अघिल्लो महाधिवेशनमा प्रतिस्पर्धा गर्ने रोकिएको भन्दै चर्को आलोचना हुँदै आएको छ । भलै, उनी स्वयं भने पूर्वमाओवादी पृष्ठभूमि र १० बुँदे समूहलाई समेट्न एकता महाधिवेशन गर्नुपर्ने बाध्यता बताउँछन् । तर यसपटक ओली पुरै लोकतान्त्रिक अभ्यासमा आए । महाधिवेशनस्थलमा भुइँमै बसेर कार्यकर्तासँग गफिए । छर्लंगै रात काटेर प्रतिनिधिसँग मत मागे । नेता ईश्वर पोखरेलसँग हार्दिकतापूर्वक प्रतिस्पर्धा गरे । यसले उनको अलोकतान्त्रिक छवि सुधार्न मद्दत पुगेको देखिन्छ ।

सँगै, अध्यक्ष ओलीसामु थुप्रै चुनौती पनि सँगसँगै आएका छन् । सम्भवतः आउँदो साता नै उनले उच्चस्तरीय जाँचबुझ आयोगमा बयान दिन जानुपर्नेछ । आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले तत्कालीन प्रधानमन्त्रीका रूपमा ओली र गृहमन्त्रीका रूपमा रमेश लेखकलाई आउँदो साता बयानका लागि बोलाउने भनेका छन् । त्यसको कडा शब्दमा प्रतिवाद गर्दै ओलीले बिहीबार उत्तेजक भाषण दिएका छन् । अध्यक्ष निर्वाचित भएपछि शपथग्रहणलगत्तै उनले भने, 'एमाले नेतृत्वमाथि आक्रमण गर्ने, जाली मुद्दा चलाउने षडयन्त्र हुँदै छ । त्यस्तो भयो भने देश ठप्प हुनुपर्छ, यो सरकार ढल्नुपर्छ ।'

तत्कालीन प्रधानमन्त्रीका रूपमा ओलीले आफूमाथि लागेको आरोपबाट छुटकारा पाउन सहज छैन । कम्तीमा एउटा प्रक्रियाबाट गुज्रिनुपर्नेहुन्छ । सरकार, जाँचबुझ आयोग र अध्यक्ष ओलीको हठले नयाँ मोड लिन सक्छ ।

पार्टी पदाधिकारी कमिटीमा ओलीले जसरी बर्चस्व कायम गरेका छन्, उसैगरी अल्पमत पक्षलाई समेटेर लैजानुपर्ने चुनौती उनका सामु छ । १९ सदस्यीय पदाधिकारीमध्ये उपाध्यक्ष गोकर्ण विष्ट र उपमहासचिव योगेश भट्टराई मात्र संस्थापनइतर समूहबाट निर्वाचित भएका छन् । आफैंसँग प्रतिस्पर्धा गरेका वरिष्ठ नेता ईश्वर पोखरेललाई समेट्नुपर्ने छ । विगतमा एउटै गुटमा रहेकी पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले पार्टीबाहिरबाट पार्टीमा हस्तक्षेप बढाउँदै गएकी थिइन् । खासगरी, उनको सदस्यता नवीकरण विवादले एमालेमा केन्द्रदेखि तल्लो तहसम्म विभाजनको रेखा कोरेको छ । ओलीले त्यो रेखा मेट्न शक्ति सन्तुलन र समन्वयको बाटो लिन्छन् वा विगतमा झैं एक्लै सर्वशक्तिमान बन्ने बाटोमा हिँड्छन्, त्यसले पनि एमालेको अन्तरपार्टी संघर्षको निर्धारण गर्नेछ ।

नवनिर्वाचित अध्यक्ष ओलीको सबैभन्दा मुख्य चुनौती आउँदो चुनावमा एमालेलाई कम्तीमा अहिलेकै स्थितिमा राख्नुमै हुनेछ । हुन त एमाले महाधिवेशनले पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा विकास गर्ने उद्घोष गरेको छ । तर नयाँ पुस्ताको असन्तुष्टि, जेनजी विद्रोहका बेला सत्तामा रहेको दल र तत्कालीन प्रधानमन्त्रीका रूपमा ओलीप्रतिको आक्रोश चुनावसम्मै रहने देखिन्छ । नयाँ र वैकल्पिक राजनीतिक दलका लागि यो चुनावी नारा हुन सक्छ । त्यो भयले पनि ओलीले संसद् पुनर्स्थापनालाई प्राथमिकतामा राखेका छन् । त्यसमा अर्को पुरानो दल नेपाली कांग्रेसको साथ खोजेका छन् । अन्तरिम सरकारले २१ फागुनमै प्रतिनिधि सभा चुनाव गर्ने स्थितिमा पनि एमाले चुनावबाट भाग्न सक्ने स्थिति भने छैन । त्यस अवस्थामा चुनावबाटै पार्टीलाई मुख्य शक्तिका रूपमा स्थापित गर्नुपर्ने चुनौती ओलीसामु देखिएको छ ।

## कतै...

धारामा पुगेको थियो । २०७७ चैत २० गते राष्ट्रपति विद्यादेवी भण्डारीले मेलम्ची आयोजनाको उद्घाटन गरेकी थिइन् । आयोजनाको उद्घाटन गरेको तीन महिना नहुँदै काठमाडौं उपत्यकामा दीर्घकालीन खानेपानी अभाव समाधान गर्न सुरु गरिएको नेपालको सबैभन्दा ठुलो खानेपानी आयोजना मेलम्ची नै बाढीले बगाइदियो । ३५ अर्ब बढी खर्च भएको यो आयोजना त्यसयता अस्थायी रूपमै सञ्चालनमा छ । '२०७८ साल फागुनमा आएको बाढीले आयोजनाको संरचना बगाई दियो सूचना अधिकारी पन्थीले भने, 'त्यसयता अस्थायी संरचनामा नै पानी ल्याइरहेका छौं ।'

मेलम्ची नदीदेखि सुन्दरी जलसम्म २६ दशमलव ५ किमी सुरुङमार्फत उपत्यकामा पानी ल्याएर वितरण भइरहेको छ । नदीमा डाइभर्सन गरेर उपत्यकाको सुन्दरी जलमा प्रशोधन गरेर ट्यांकी, पाइपलाइन प्रणालीबाट वितरण गरिएको छ ।

पानी आपूर्तिको समस्याले नागरिक हैरान छन् । पानीको प्यास मेट्ने आसमा काठमाडौंवासीले चार दशक बिताए । आयोजना बन्यो र पानी पनि आयो । तर पाइप पुर्‍याउनै नसक्दा कैयन घरमा पानी पुग्न सकेको छैन । पानी पुगेको ठाउँमा पनि चुहावट समस्याले नागरिक हैरान छन् ।

सन् १९८८ मा बिन्नी एन्ड एसोसिएट्स लन्डनले मल्टिडिसिप्लिनरी कन्स्टलट्यान्ट काठमाडौंको सहयोगमा सम्पन्न गरेको ' काठमाडौं-ललितपुरमा काठमाडौं बाहिरबाट पानी आपूर्ति'सम्बन्धी सम्भाव्यता अध्ययनले मेलम्ची आयोजनाको विस्तृत आर्थिक तथा प्राविधिक सम्भाव्यतासमेत विश्लेषण गरेको थियो । बिन्नीले त्रिशूली, मेलम्ची, इन्द्रावतीसहितका २२ वटा विकल्पमध्ये आर्थिक र प्राविधिक रूपमा मेलम्ची छानेको थियो ।

त्यसबेलादेखिको सपना पूरा भए तापनि प्रभावकारी हुन नसक्दा नागरिकका गुनासा रहेका हुन् । यसमा समस्या पाइपमै रहेको सरोकारवाला बताउँछन् ।

नेपालमा व्यवस्थित पाइप प्रणालीबाट खानेपानी वितरण गर्ने कार्य सन् १८९५ मा राणा प्रधानमन्त्री वीरसमशेरको पालामा पानी गोश्वारा अड्डाको स्थापना गरी वीरधारा प्रणालीको निर्माणबाट सुरु भएको हो । अझै पनि ती पुराना पाइप प्रयोग गरेर पानी वितरण गरिँदै आएको छ ।

काठमाडौं उपत्यका खानेपानी लिमिटेड प्रवक्ता प्रकाशकुमार राईले उपत्यकावासीको पानीको मागलाई पूर्ति गर्न यांग्री र लार्केको पानी पनि मिसाउनुपर्ने बताउँछन् । यांग्री र लार्के नदी जोड्ने दोस्रो चरणको काम भइरहेको छ । त्यसबाट थप १७ करोड लिटर प्रतिदिन क्षमता वृद्धि गर्ने लक्ष्य राखेको आयोजनाले जनाएको छ ।

बढ्दो जनसंख्या र पानीको माग आपूर्ति गर्न दोस्रो चरणमा मेलम्चीको पानीमा यांग्री र लार्के खोलाका पानीसमेत मिसाउने योजना २० किलोमिटर टनेल निर्माणको काम भइरहेको आयोजनाले जनाएको छ । पानीको कुल परिमाणः मेलम्चीको १७ करोडमा यांग्री र लार्केको गरी १७/१७ करोड लिटर जोडेर कुल दैनिक ५१ करोड लिटर पानी आपूर्ति गर्ने योजना बनाइएको राईले बताए ।

पानी आपूर्ति गर्न थप दुईवटा सुरुङ लार्केबाट यांग्रीमा पानी खसाउन २ किमि लामो अनि यांग्रीबाट मेलम्चीमा पानी खसाउन झन्डै ९ दशमलव ५ किमि लामो अर्को सुरुङको काम भइरहेको छ,' उनले भने । त्यसका लागि अनुमानमा थप २५ अर्ब रुपैयाँ खर्च हुने आयोजनाले जनाएको छ ।

यांग्री खोलाको आयोजना निर्माणस्थलसम्मको पहुँच मार्ग निर्माणाधीन, सडक निर्माणपश्चात् सुरुङ तथा हेडवर्क्सको ठेक्का लगाएर काम भइरहेको छ ।

मेलम्ची आयोजनाको मुख्य पूर्वाधार भनेको झन्डै २७ किलोमिटर लामो सुरुङ निर्माण रहेको छ । २०६५ सालमा सुरुङ निर्माण गर्न चाइना रेलवे कम्पनीसँग ठेक्का सम्झौता गरिएको आयोजनाले जनाएको छ । त्यसपश्चात् २०६६ सालको सुरुमा सुन्दरीजलमा पहिलो ब्लास्ट गरी काम सुरु गरिएको थियो भने २०६९ सालमा ६ किलोमिटर निर्माण गरिसकेपछि ठेक्का रद्द गरिएको थियो । आयोजनाको अनुसार २०७० सालमा बाँकी सुरुङ निर्माण गर्न इटलीको सिएमसीलाई ठेक्का दिएको थियो ।

२०७५ सालमा २५ किमिभन्दा बढी सुरुङ खनिसकपछि पनी विभिन्न विवादका कारण ठेक्का रद्द भएको थियो । २०७७ असार २१ गते सुरुङको पहिलो परीक्षण तर ३१ गते दुर्घटना भएपछि केही समयमाका लागि स्थगित भएको थियो । २०७७ साल फागुन १० गते सुरुङमा पानी प्रवाह गरिएको आयोजनाले जनाएको छ ।

## उत्साही...

छाड्न आदेश गर्दा पाँचवटा सर्त पनि राखेको छ । सर्त पूरा भएपछि छुट्ने भएकाले बिहीबार नै भने उनी छुटेनन् ।

न्यायाधीशहरू बासुदेव आचार्य र तेजनारायण पौडेलको इजलासले सुप्रिम सहकारीको ठगी मुद्दामा लामिछानेलाई धरौटीमा छाड्न आदेश दिएको हो । आदेशमा उल्लेख भएको सर्तअनुसार जिल्ला अदालत रूपन्देहीले २०८१ माघ १३ गते थुनछेक क्रममा माग गरेको धरौटी रकम स्वीकार गर्नुपर्नेहुन्छ । त्यतिबेला रूपन्देहीका न्यायाधीश प्रह्लादकुमार योगीको इजलासले १ करोड रुपैयाँ धरौटी राख्न आदेश गरेको थियो । अर्को सर्तमा लामिछानेले पेस गरेको बैंक ग्यारेन्टी २ करोड ७४ लाख ८४ हजार रूपैयाँ बिगो रकम सुरक्षित गर्न भनिएको छ ।

लामिछाने व्यक्तिगत वा संस्थागत विदेश यात्रा गर्नुपरे अदालतलाई पूर्वजानकारी गराउनुपर्ने तेस्रो सर्त छ । चौथोमा इजलासले जिल्ला अदालत रूपन्देहीले २०८२ साउन २६ गते भएको आदेश पनि बदर गरेको छ । अदालतले यसअघि जमानत लिन अस्वीकार गरेको थियो । पाँचौंमा भने थप दायित्व सिर्जना गरे बुझाउन मञ्जुर भएको कागज गर्नुपर्ने भनिएको छ । यति सर्त पूरा भएपछि थुनामुक्त गर्न आदेश भएको छ ।

सर्त जेजस्ता भए तापनि रवि लामिछाने छुट्ने कुरालाई रास्वपाले उत्साहका रूपमा लिएको छ । आगामी प्रतिनिधि सभाको निर्वाचनको तयारीमा होमिइसकेको रास्वपाका नेता/कार्यकर्ता पार्टी सभापति लामिछाने छुट्ने अदालतको आदेशले उत्साही भएका हुन् । उनीहरू राजनीतिक प्रतिशोधले हारेको भनेर खुसी प्रकट गरिरहेका छन् ।

रास्वपाले समानुपातिकतर्फ उम्मेदवार हुन चाहनेसँग आवदेन मागेको छ । समानुपातिकतर्फ उम्मेदवार हुन चाहनेसँग आवदेन दिएकाले यदि प्रत्यक्षतर्फ उम्मेदवार हुन इच्छुक भए परिवर्तन गर्ने अवसर पनि दिएको छ ।

समानुपातिक तर्फको नाम फिर्ता गरी प्रत्यक्षतर्फ आवेदन दिन पुस ५ गतेसम्मका लागि समयावधि तोकिएको छ । परिवर्तन गर्दा शुल्क तिर्नु नपर्ने पार्टी सचिवालय बैठकको निर्णय गरेको छ ।

समानुपातिक तर्फ उम्मेदवारका लागि आवेदन दिने केन्द्रीय समितिका सदस्य समानुपातिक उम्मेदवार छनोट प्रक्रियामा सहभागी नहुने निर्णय गरिएको छ ।

रास्वपाले चुनाव केन्द्रित अन्य कार्यसमेत गरिरहेको छ । तर पार्टी सभापति रवि लामिछाने जेलमा भएका कारणले पार्टीलाई गति दिन सकस परिरहेको थियो । यसैबेला लामिछानेलाई थुनामुक्त गर्न आदेश भएको हो ।

जेनजी आन्दोलन उत्कर्षमा पुगेका बेला गत भदौ २४ गते लामिछानेलाई समर्थकहरूले नक्खु कारागारबाट बाहिर निकालेका थिए । तर मुद्दा चलिरहेको व्यक्ति अदालतको आदेशबिनै निस्किएको भनेर आलोचना भएपछि उनी २८ भदौमा अदालत फर्किएका थिए ।

अदालत फर्किनु अगाडि सामाजिक सञ्जालमा भिडियो सन्देश राख्दै उनले अघिल्लो सरकारले चरम राजनीतिक प्रतिशोध लिएर आफूलाई दुःख दिएको बताएका थिए । सभापति लामिछानेको त्यसबेलाको अभिव्यक्तिसँग मिल्दोजुल्दो प्रतिक्रिया अहिले पनि रास्वपाका नेता/कार्यकर्ता दिइरहेका छन् ।

सहकारी ठगीको आरोप लागेपछि भने लामिछाने धेरै समय थुनामै छन् । २०८१ साल कात्तिक दुई गते काठमाडौंस्थित रास्वपाको केन्द्रीय कार्यालयबाट पक्राउ परेका थिए । त्यसपछि पोखरा कारागार चलान भएका थिए । त्यसपछि लामिछानेको जेल यात्रा सुरु भएको हो । यसबीचमा उनी लामो समय जेलमै रहेका छन् ।

## शक्तिशाली...

वैदेशिक रोजगार व्यवसायी संघबाट स्पष्ट धारणा आउनुपर्ने बताए । कार्यक्रम मञ्चको दायाँपट्टी रहेका संघका अध्यक्ष भुवनसिंह गुरुङलाई इंगित गर्दै मन्त्री भण्डारीले भने, 'मैले अध्यक्ष गुरुङजीलाई ठगीमा संलग्न व्यवसायीको नाम दिनुहोस् भनेको छु, उहाँले अहिलेसम्म हुन्छ पनि भन्नु भएको छैन हुन्न पनि भन्नु भएको छैन ।'

मन्त्री भण्डारीले माइग्रेसन व्यक्तिगत विषय भएपनि नेपालको अवस्था भने पीडादायी रहेको बताए । उनले भने, 'पुँजीका लागि श्रम बेच्न जानुपर्छ । वार्षिक ५ लाख नयाँ जनशक्ति वैदेशिक रोजगारीमा जाने गरेको छ । आर्जन भएको उपभोगमा सकिएको छ ।'

वैदेशिक रोजगार बोर्डले वार्षिक ६ हजार बढीको शव फिर्ता ल्याएर २३ करोड ६३ लाख खर्च गरेको विषयलाई उपलब्धिको रूपमा देखाएको भन्दै मन्त्री भण्डारीले भने, 'यस्तो उपलब्धि लाजमर्दो उपलब्धि हो । मुलुकको अर्थतन्त्रमा वैदेशिक रोजगारमा गएकाहरूको योगदान उच्च छ । तर योगदानकर्ता प्रताडित छन् । न्यूनतम ज्यालामा अमानवीय रूपमा काम लगाइएको छ ।'

मन्त्री भण्डारीले युक्रेन युद्धमा गएर फर्केको कामदारले जेनजी आन्दोलनमा रगत बगाएको भन्दै व्यवसायी र कर्मचारीले जेनजी आन्दोलनमा रगतले लटपटिएको बुट र विमानस्थलमा दैनिक आउने कफनलाई ध्यान दिएर काम गर्नुपर्ने बताए ।

मन्त्री भण्डारीले मुलुकमा कुशासन, भ्रष्टाचार र बेथितीको चरम अवस्था रहेको भन्दै समस्या समाधान नभए मुलुकमा अर्को विस्फोट हुने भन्दै त्यतिबेला सबैले पुर्पुरोमा हात लगाएर बस्नुको विकल्प नरहने समेत बताए ।

उनले आफू कुनै तलमाथि नगरी सुधारका लागि प्रतिबद्ध रहेको पनि बताए । उनले भने, 'मलाई राजनीति गर्ने बानी छैन, दल चलाउनु पनि छैन, न त मन्त्री बनाउन अनुग्रह छ ।' मन्त्री भण्डारीले कम तलबमा नेपाली कामदार पठाउन नहुने भन्दै श्रम गन्तव्य मुलुकहरूले पनि नेपाली कामदारलाई उनीहरूको श्रमको उचित मूल्य र सुविधा दिन आग्रह गरे ।

त्यस अवसरमा नेपाल लेवर माइग्रेसन रिपोर्ट २०२४ सार्वजनिक गरिएको थियो । प्रतिवेदन इन्टरनेसनल लेवर अर्गनाइजेसन (आइएलओ)को प्राविधिक सहयोगमा श्रम मन्त्रालयद्वारा तयार पारिएको हो । हरेक दुई वर्षमा प्रकाशन हुने प्रतिवेदनले नेपालीको वैदेशिक रोजगार प्रवृत्ति देखाउने गरेको छ ।

आइएलओका राष्ट्रिय निर्देशक नुमान ओज्कानले आप्रवासी कामदारको हकहित, अधिकार रक्षाका लागि सबैको सहकार्य आवश्यक भएको बताए । कार्यक्रममा मन्त्रालयका सचिव डा. कृष्णहरि पुष्करले आप्रवासन संस्कृतिलाई रोक्न नसकिने हककुदा यसको सही व्यवस्थापनमा रणनीति बनाएर जानु नै उपयुक्त हुने बताए ।

कार्यक्रममा वैदेशिक रोजगार बोर्डका पदाधिकारी, विशेषज्ञ समितिका अध्यक्ष तथा सदस्यहरू, मन्त्रालयका महाशाखा प्रमुखहरू, वैदेशिक रोजगार विभागका महानिर्देशक, निर्देशक, आइएलओ कन्ट्री डाइरेक्टर नुमान ओजकान, स्वीस परियोजना म्यानेजर एन्टोनिया फ्लुक, आप्रवासनबाट फर्किएका कामदारको पुनःएकीकरण (रेमी) कार्यक्रमका टिम लिडर मधुशिखा लानशंकार, संघका अध्यक्ष गुरुङलगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा विश्व आप्रवासी दिवसका अवसरमा मंगलबार सम्पन्न फुटसल प्रतियोगिताको विजयी खेलाडीलाई मन्त्री भण्डारीले पदक तथा शिल्ड प्रदान गरे ।

प्रतियोगितामा पुरुषतर्फ मन्त्रालयका सचिव डा. पुष्कर नेतृत्वको कर्मचारी टिम विजयी भएको थियो भने महिलातर्फ संघकी कोषाध्यक्ष धनु सिंजालीको टिम विजयी भएको थियो । कार्यक्रम मन्त्रालयका सचिव डा. पुष्करको अध्यक्षतामा भएको थियो ।

निर्वाचनसम्बन्धी अध्यादेश जारी गर्ने सिफारिस

# जाँचबुझ आयोगको म्याद थप

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ पुस

सरकारले 'प्रतिनिधि सभा निवार्चन (पहिलो संशोधन) अध्यादेश २०८२' जारी गर्न राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरेको छ । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले यस्तो निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए ।

उनका अनुसार बैठकमा पेस भएको अध्यादेशमा दलित आदिवासी जनजाती, खस आर्य, मधेशी, थारु, मुस्लिमको जनसंख्या प्रतिशतको आधारमा निर्धारण गर्न प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन २०७४ को अनुसूची १ लाई संशोधन गर्न अध्यादेश जारी गर्नु परेको हो ।



बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै मन्त्री खरेलले भने, 'प्रतिनिधि सभा निवार्चन (पहिलो संशोधन) अध्यादेश २०८२ जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय भएको छ । यसमा २०७८ सालको जनगणनाको प्रतिवेदन बमोजिमको दलित, आपदवासि, जनजाति, खसआर्य, मधेशी, थारु तथा मुस्लिमको जनसंख्या प्रतिशतको आधारमा प्रतिनिधि सभा निर्वाचन ऐन, २०७४को अनुसूची १ लाई संशोधन गर्ने रहेको छ ।' उनले जेनजी आन्दोलनसम्बन्धी अनुसन्धान गर्न गठित उच्चस्तीय जाँचबुझ आयोगको कार्यअवधी एक महिना थप गर्ने निर्णय भएको पनि बताए । बैठकले मकवानपुरको बिदुर नगरपालिकास्थित केन्द्रीय कारागारमा खाली रहेको ब्लकमा बालसुधार गृह सञ्चान गर्न स्वीकृति दिने निर्णय भएको पनि बताए ।

# 'वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित बनाउन स्थानीय सरकार प्रतिबद्ध'




**मध्यान्ह संवाददाता**
रौतहट, ३ पुस

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र गौर नगरपालिकाको नेतृत्वमा सञ्चालित सुरक्षित आप्रवासन कार्यक्रमअन्तर्गत अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवस २०२५ रौतहटको सदरमुकाम गौरमा विभिन्न कार्यक्रमसहित भव्य रूपमा मनाइएको छ ।सुरक्षित आप्रवासनको आधार, सूचना र सिपसहितको रोजगार भन्ने मूल नाराका साथ आप्रवासी कामदार हकहित संरक्षण केन्द्र, रौतहटद्वारा आयोजना गरिएको उक्त कार्यक्रम गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहको अध्यक्षतामा सम्पन्न भएको हो ।

गौरस्थित ऐतिहासिक घण्टाघर परिसरमा आयोजित कार्यक्रमको सुरुवात राष्ट्रिय गानबाट गरिएको थियो । सो अवसरमा वैदेशिक रोजगारीका क्रममा विभिन्न गन्तव्य मुलुकहरूमा ज्यान गुमाएका ज्ञात तथा अज्ञात नेपाली श्रमिकहरूको सम्झनामा एक मिनेट मौनधारण गरिएको थियो । मृतक श्रमिकहरूको आत्माको शान्तिको कामना गर्दै उनीहरूको योगदानको कदरस्वरूप सामूहिक रूपमा दीप प्रज्वलन समेत गरिएको थियो ।

कार्यक्रममा सुरक्षित आप्रवासनका क्षेत्रमा कार्यरत विभिन्न व्यक्तित्वहरूको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रममा प्रमुख अतिथि तथा विशिष्ट अतिथिका रूपमा जिल्ला संयोजक हरिनारायण साह, आप्रवासी कामदार हकहित संरक्षण केन्द्र रौतहटका अध्यक्ष विनय कुमार साह, ईशनाथ नगरपालिकाकी रोजगार सूचना परामर्शकर्ता पूजा गिरी तथा दुर्गा भगवती गाउँपालिकाका रोजगार सूचना परामर्शकर्ता सोनु साहलगायतको उपस्थिति रहेको थियो ।

यसका साथै सामी कार्यक्रमका सरकारी कर्मचारीहरू, स्थानीय जनप्रतिनिधि तथा वैदेशिक रोजगारीबाट फर्किएका कामदार हरूको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रमको कुशल सञ्चालन उद्घोषक इन्दल कुमार सिंहले गरेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख शम्भु साहले वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन स्थानीय सरकार पूर्णरूपमा प्रतिबद्ध रहेको बताए । उनले वैदेशिक रोजगारीमा जानुअघि सही सूचना लिने र आवश्यक सीप हासिल गरेर मात्र विदेश जान आग्रह गरेका छन् । आप्रवासी कामदार तथा उनीहरूको परिवारको हकहित संरक्षणका लागि नगरपालिकाले निरन्तर काम गर्ने उनले प्रतिबद्धता व्यक्त गरे ।

संयोजक साहसहित अन्य वक्ताहरूले वैदेशिक रोजगारीका क्रममा हुने ठगी, कानुनी झन्झट तथा असुरक्षालाई न्यूनीकरण गर्न सामी कार्यक्रममार्फत परामर्श, सूचना र कानुनी सहायता प्रदान गर्दै आएको जानकारी गराए ।

कार्यक्रमको समापन गर्दै सिंहले यस वर्षको अन्तर ाष्ट्रिय आप्रवासी कामदार दिवसले रौतहटबासी आप्रवासी श्रमिकहरूमा नयाँ चेतना, एकता र सुरक्षित आप्रवासनप्रतिको विश्वास अभिवृद्धि गरेको उल्लेख गर्दै कार्यक्रम अत्यन्तै सफल र भव्य रूपमा सम्पन्न भएको जानकारी दिए ।

सामी कार्यक्रमले जिल्लाका विभिन्न पालिकाहरूमा वैदेशिक रोजगारीमा रहेका कामदारका परिवारलाई लक्षित गरी वित्तीय साक्षरता, मनोसामाजिक परामर्श तथा सचेतनामूलक कार्यक्रमहरू निरन्तर सञ्चालन गर्दै आइरहेको जनाएको छ ।

# सरकार-जेनजी सम्झौता खारेजीको माग राख्दै सर्वोच्चमा रिट



**काठमाडौं/मस-** सरकार र जेनजी प्रतिनिधिहरूबीच भएको सम्झौता खारेजीको मागसहित सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको छ ।

गत मंसिर २४ गते प्रधानमन्त्री सुशीला कार्की र जेनजी प्रतिनिधिबीच भएको सम्झौतामा संवैधानिक प्रश्न उठाउँदै सर्वोच्च अदालतमा बिहीबार रिट दर्ता भएको हो ।

अधिवक्ताहरू सुदिप भण्डारी, रोहित ओझा, सरोज कटेल तथा कानुनका विद्यार्थीहरू आयुष बडाल, प्रविण पौडेल र स्मृति अधिकारी लगायतले उक्त सम्झौता संविधान विपरीत भएको भन्दै रिट दायर गरेका हुन् । उक्त रिटको पेसी शुक्रबारका लागि तोकिएको छ ।

अन्तरिम सरकारले दीर्घकालीन र दूरगामी असर पार्ने राजनीतिक तथा संरचनात्मक सम्झौता गर्ने अधिकार नरहेको उनीहरूको रिटमा जिकिर गरिएको छ । आन्दोलनको नाममा संविधानको सीमा मिचेर अस्थिरतातर्फ मुलुकलाई धकेलेको पनि रिटमा भनिएको छ ।

यस्तै अख्तियार दुरूपयोग अनुसन्धान आयोग जस्ता संवैधानिक निकायको क्षेत्राधिकारसँग बाझ्ने गरी कुनै नयाँ आयोग गठन गर्ने प्रावधान संविधानको आत्मा विपरीत र अधिकार क्षेत्र अतिक्रमण गर्ने खालको भएको दाबी पनि रिट निवेदनमा गरिएको छ ।

रिटमा उक्त १०बुँदे सम्झौता तथा त्यसका आधारमा राजपत्रमा प्रकाशित सूचनालाई असंवैधानिक ठहर गरी बदर गर्न उत्प्रेषणको आदेश माग गरेको छ । सम्झौताका प्रावधानहरू कार्यान्वयन भएमा राज्य संरचना र संवैधानिक अभ्यासमा दीर्घकालीन क्षति पुग्ने भएकाले अन्तिम फैसला नआएसम्म यस्ता कार्य नगर्न सरकारलाई रोक लगाउन अन्तरिम आदेशको माग समेत गरिएको छ ।

# रास्वपाद्वारा समन्वय कार्यदल गठन

**काठमाडौं/मस-** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले स्थानीय, प्रदेश र संघीय तहमा स्वतन्त्र उम्मेदवारी दिएका तथा निर्वाचित जनप्रतिनिधिसँग समन्वय गर्न 'स्वतन्त्र जनप्रतिनिधि समन्वय कार्यदल' गठन गरेको छ ।

पार्टीको सचिवालय बैठकले सो कार्यदल गठन गर्ने निर्णय गरेको प्रवक्ता मनिष झाले जानकारी दिए । उक्त कार्यदलको संयोजकमा केन्द्रीय सदस्य विष्णुकुमार श्रेष्ठ तथा सदस्यमा बोधनारायण श्रेष्ठ र रञ्जु दर्शना छन् । प्रवक्ता झाले



प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ का लागि समानुपातिकतर्फ तीन सय २५ आवेदन प्राप्त भएका जानकारी दिए । बैठकले आवेदन प्रक्रिया जारी रहँदा अगाडिको प्रक्रिया सुरु गर्ने निर्णय गरेको उनले बताए । सचिवालय बैठकले पारदर्शी उम्मेदवार छनोटका लागि अडिट समितिको संयोजकको जिम्मेवारी उपेन्द्र पाण्डेलाई दिएको छ । यस्तै, आवेदकलाई सातै प्रदेशमा यही पुस ५ गते छलफलका लागि आमन्त्रण गरिने प्रवक्ता झाले जानकारी दिए । छलफल सहजीकरणका लागि समानुपातिकतर्फ उम्मेदवारी नदिएका केन्द्रीय समिति सदस्यलाई प्रदेशगत रूपमा जिम्मेवारी तोकिएको छ । पार्टीले निर्वाचन लक्षित गतिविधि र साझा बुझाइ तयार गर्न महामन्त्री कविन्द्र बुर्लाकोटीको समन्वयमा शुक्रबार 'निर्वाचन पूर्व तयारी छलफल' आयोजना गर्ने निर्णय गरेको छ ।

# 'न्यायपरिषद् न्यायपालिकाको चरित्र निर्माण गर्ने निकाय हो'

**काठमाडौं/मस-** प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले न्यायपरिषद् न्यायाधीश नियुक्त गर्ने निकाय मात्र नभई न्यायपालिकाको चरित्र निर्माण गर्ने संवैधानिक निकाय भएको बताएका छन् ।

न्यायपरिषद् दिवस २०८२ का अवसरमा बिहीबार आयोजना गरेको कार्यक्रममा प्रधानन्यायाधीश राउतले न्यायपरिषद् सिंगो न्यायापलिकाको चरित्र निर्माण गर्ने निकाय भएको बताए ।

'न्याय परिषद् न्यायाधीश नियुक्त गर्ने निकाय मात्र नभई न्यायपालिकाको चरित्र निर्माण गर्ने संवैधानिक निकाय हो, यो न्यायिक योग्यताको मापदण्ड निर्धारण गर्ने संवैधानिक संरक्षक हो' उनले भने, 'न्यायपरिषद्को प्रत्येक निर्णयले केवल एउटा व्यक्ति वा संस्थालाई मात्र प्रतिविम्बित गर्ने होइन, न्यायप्रतिको जनविश्वासलाई पनि प्रत्यक्ष प्रभाव पार्दछ ।'

नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकालाई लोकतन्त्रको अपरिहार्य आधारस्तम्भका रूपमा स्वीकार गरेको उल्लेख गर्दै उनले संविधानमा लेखिएको मूल्यमान्यताको मूर्तरुप कार्यान्वयन गर्ने संस्थाहरू सक्षम, निष्पक्ष र जवाफदेहीपूर्ण भएमात्र हुने बताए ।



प्रधानन्यायाधीश राउतले न्यायपरिषद्को प्रभावकारिता अभिवृद्धिमा सरोकारवाला निकायको सकारात्मक सहयोग अपरिहार्य हुनुपर्ने र सबैको सामूहिक प्रयासबाट नै संविधानले परिकल्पना गरेको स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकामार्फत हुनुपर्नेमा जोड दिए ।

'न्यायिक निष्पक्षता, स्वतन्त्रता र सक्षमता न्यायपालिकाका आधारभूत मूल्य हुन, जुन सम्पूर्ण न्यायकर्मी र कर्मचारीले आ-आफ्नो कार्यसम्पादनको सिलसिलामा कहिल्यै भुल्न मिल्दैन' उनले भने, 'जनताको न्यायपालिकाप्रतिको विश्वास र भरोसा कानुनले सिर्जना गरेका बाध्यता नभई न्यायकर्मीको काम र व्यवहारबाट हासिल हुने स्थिति हो, न्यायिक प्रक्रियाको स्वच्छ र प्रभावकारी व्यवस्थापन एवं त्यसका आधारमा निष्पादन हुने निष्पक्ष न्यायले नै न्यायालय र न्यायकर्मीको गरिमा बढ्ने हुनाले आफ्नो व्यावसायिक दक्षताको इमान्दारीपूर्वक र अधिकतम् प्रयोग गरी न्यायप्रति नै सबैले आफूलाई समर्पित गर्न जरुरी छ ।'

उनले प्रक्रियामा कुनै पनि कृत्रिम अवरोध सिर्जना गर्ने, व्यावसायिक धर्मबाट विचलित भएको कुराको ढाकछोप गर्ने, न्यायको प्रवाहलाई अवरुद्ध गर्ने र अन्ततः न्यायको मर्म र गरिमामा प्रहार गर्ने कुनै पनि साना ठूला क्रियाकलाप अक्षम्य रहने कुराको हेक्का राख्दै अहिलेको विषम परिस्थितिमा सबै संस्था एवं निकायले हातेमालो गर्दै अगाडि बढ्नुपर्ने भनाई राखे ।

प्रधानन्यायाधीश राउतले भने,'सबैले सबैको सम्मान गर्ने, सबैले आआफ्नो भूमिका र जवाफदेहीता निर्वाह गर्ने र असल अभ्यासलाई स्थापित गर्दै आआफ्नो कर्म क्षेत्रमा निरन्तर डटेर लाग्नुपर्ने भएको छ ।'

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले न्यायापालिकाको स्वतन्त्रताको संस्थागतरुपमा सुदृढीकरण गर्नुपर्ने र न्यायापालिकाको साख उठाउने काममा सबै लाग्नुपर्ने बताए । सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपनाप्रधान मल्लले सम्पूर्ण न्यायाधीशले निडर भएर स्वच्छ र सक्षम भएर काम गर्नु आग्रह गर्दै सिंगो न्यायापालिको सबैको साथमा हुने प्रतिबद्धता व्यक्त गरिन् । उनले देशमा सुशासन कायम गर्न र स्वच्छ ढंगले राज्य सञ्चालन गराउनका लागि न्यायापालिकाले सुन्नु र हेर्नुपर्ने बताइन् ।

वरिष्ठतम् न्यायाधीश मल्लले न्यायाधीशलाई कसैको प्रभावबाट जोगाउनेपर्ने चुनौती, जनताको आस्थाबाट उठेका प्रश्न परिषद्मा भएका निराशालाई आशामा परिणत गर्नुपर्ने आवश्यकता औंल्याइन् । महान्यायाधीवक्ता सविता बरालले न्यायापालिकाले अहिलेसम्म हाँसिल गरेका उपलब्धिलाई संस्थागत गर्दै उत्तरदायी र जनमुखी न्यायनिरुपणमा ध्यान दिनुपर्ने आवश्कता भएको बताइन् । नेपाल बार एसोसिएसनका अध्यक्ष प्राडा विजयप्रसाद मिश्रले मुलुकलाई सही मार्गमा ल्याउनका लागि तोकिएको मितिमा निर्वाचन हुन नसके संसद् पुनःस्थापना हुनेपर्ने बताए । उनले संसद् नभएको अवस्थामा संसदीय सुनवाइसमेत नहुने भएकाले यस्तो अवस्थामा न्यायालयमा नेतृत्वविहीन अवस्था आउने बताए ।

सर्वोच्च अदालत बार एशोसिएनका कार्यवाहक अध्यक्ष अम्बरबहादुर राउतले न्यायाधीश नियुक्ति गर्दा जनअपेक्षाअनुसार न्यायाधीश नियुक्ति जरुरी भएको र तत्कालीन न्यायाधीश हरिकृष्ण कार्कीको प्रतिवेदन कार्यान्वयनमा ध्यान दिनुपर्नेमा जोड दिए ।

# पाँच जनाविरुद्ध भ्रष्टाचार मुद्दा




**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पर्वत कुश्मा कारागार कार्यालयका प्रमुख तथा मूल्यांकन समितिका अध्यक्ष शिला श्रेष्ठसहित पाँचजनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । २१ लाख ५५ हजार ७ सय ३५ रुपैयाँ भ्रष्टाचार गरेको आरोप लगाउँदै अख्तियारले बिहीबार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो ।

मुद्दा दायर गरेका अन्यमा बोलपत्र मूल्यांकन समितिका सदस्यहरू सघन सहरी तथा भवन निर्माण आयोजना बागलुङका इन्जिनियर विकास अधिकारी, कारागार कार्यालय कुश्माका नायब सुब्बा हरिकृष्ण शर्मा र कोष तथा लेखा नियन्त्रणको कार्यालय, पर्वतका सह-लेखापाल सुभास घर्ती रहेका छन् । यस्तै, मोदीकाली कन्स्ट्रक्सन मोदी -६ पर्वतका प्रोपाइटर प्रदिप तिमिल्सिनाविरुद्ध पनि मुद्दा दायर गरिएको छ ।

पर्वत कारागार कार्यालयका प्रमुख, इन्जिनियर र निर्माण व्यवसायी समेतको मिलेमतोमा कारागारको भान्साघर निर्माणको लागि निकासा भएको रकम अनियमितता गरेको भन्ने उजुरी परेपछि अख्तियारले अनुसन्धान सुरु गरेको थियो ।

अनुसन्धान हुँदा उनीहरूले मिलोमतोमा २१ लाख ५५ हजार ७ सय ३५ रुपैयाँ अनियमितता गरेको पाइएको अख्तियारद्वारा बिहीबार जारी विज्ञप्तिमा उल्लेख छ । दायर गरिएको मुद्दामा उनीहरूसँग २१ लाख ५५ हजार ७ सय ३५ रुपैयाँ बिगो मागदाबी गरिएको छ ।

# राष्ट्रिय प्रकृति संरक्षण कोषको सदस्य सचिवमा डा. सुवेदी

**काठमाडौं/मस-** राष्ट्रिय प्रकृति संरक्षण कोषको सदस्य सचिव पदमा संरक्षणविद् डा. नरेश सुवेदी नियुक्त भएका छन् । प्रकृति संरक्षण कोष ऐन, २०३९ मा भएको व्यवस्था बमोजिम बोर्डले उनलाई बिहीबार सदस्य सचिव पदमा नियुक्त गरेको हो ।

विगत २५ वर्षदेखि कोषको सेवामा निरन्तर कार्यरत डा. सुवेदी यसअघि कोषको वरिष्ठ निर्देशक पदको जिम्मेवारीमा थिए । पदीय जिम्मेवारीका क्रममा डा. सुवेदीले नेपालको प्रकृति संरक्षण र जैविक विविधताको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका छन् ।

उनकै पहल र सक्रियतामा नेपाल सरकारले ललितपुरस्थित सदर



चिडियाखानाको व्यवस्थापन आगामी ३० वर्षका लागि पुनः राष्ट्रिय प्रकृति संरक्षण कोषलाई नै जिम्मा दिने निर्णय गरेको थियो । यसका साथै, उनको नेतृत्वदायी क्षमता र अन्तर ाष्ट्रिय समन्वयका कारण विभिन्न दातृ निकायबाट संरक्षण केन्द्रित दुई सय भन्दाबढी परियोजनाहरू कोषमा भित्रिएका छन् ।

यसैगरी प्राज्ञिक र अनुसन्धानको क्षेत्रमासमेत डा. सुवेदीको उपस्थिति प्रभावशाली रहेको कोषले जनाएको छ । उनको हालसम्म करिब दुई सय भन्दाबढी उच्चस्तरीय अनुसन्धानमूलक कृतिहरू प्रकाशित भइसकेका छन् भने दुई दर्जनभन्दा बढी शोधकर्तालाई विद्यावारीधि (पिएचडी) तहमा मार्गदर्शन गरेका छन् । संरक्षण विज्ञान र व्यवस्थापनमा दख्खल राख्ने डा.सुवेदीको कार्यकालमा प्रकृति संरक्षण, वन्यजन्तु व्यवस्थापन र जलवायु अनुकूलनका क्षेत्रमा थप नवीन र रणनीतिक उपलब्धि हासिल गर्ने अपेक्षा गरिएको छ ।

# झुट्टा विवरण पेस गरी कागजपत्र बनाउने तीन जना पक्राउ

**काठमाडौं/मस-** झुट्टा विवरण पेस गरी नागरिकता, राष्ट्रिय परिचयपत्र तथा राहदानी बनाउने कार्यमा संलग्न तीन जना पक्राउ परेका छन् ।

झुट्टा विवरण पेस गरी नागरिकता, राष्ट्रिय परिचयपत्र र राहदानी बनाइ विभिन्न व्यक्ति तेस्रो मुलुक जाने गरेको भन्ने सूचनाका आधारमा प्रहरीले तीन जनालाई काठमाडौंको विभिन्न स्थानबाट पक्राउ गरेको हो ।

काठमाडौंबाट दाङको तुलसीपुर उपमहानगरपालिका-१७ का ४३ वर्षीय यमबहादुर बस्नेत, झापाको कचनकबल गाउँपालिका-३ का ५१ वर्षीय कृष्णबहादुर कटुवाल र झापाको भद्रपुर नगरपालिका-९ का ४१ वर्षीय सूर्यबहादुर खड्का पक्राउ परेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

झुट्टा विवरण पेस गरेर नागरिकता, राष्ट्रिय परिचय पत्र र राहदानी बनाउने कार्यमा संलग्न निजहरूलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । निजहरूलाई नागरिकता, लिखत किर्ते र संगठित अपराधसम्बन्धी कसूरमा आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय झापा पठाइएको प्रहरीले जनाएको छ ।

साउदीमा रोजगार
कम्पनी: AL MAWARID RECRUITMENT COMPANY.
पूर्व स्वीकृत मिति: २०८२/०९/०३ चलानी नं.: ६०२४८९१७
शहर: RAWDAH
L.T. No.: 335234

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 5 | 0 | स. काममा दक्ष | 1000 | ३८,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुष ११ गते (26 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५५६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामMा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ब्लू स्काई ईन्टरनेशनल प्रा. लि.
महाराजगंज, चुनदेवी, गैरीमार्ग, काठमाडौं (ब्राजिलियन राजदूतावासको पछाडी)
पो.ब.नं. १९३४६, फ्याक्स नं.: ४७२१८८८, फोन नं. ०१-४७२१६३३,
application@blueskyint.com.np मा सिधै Apply पनि गर्नसक्नु हुनेछ ।

ओमनमा रोजगार
कम्पनी: MODERN SKY MUSCAT LLC
पूर्व स्वीकृत मिति: २०८२/०९/०३ चलानी नं.: ६०२४८९१९
शहर: MUSCAT
LT. No.: 335259

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 23 | 0 | स. काममा दक्ष | 100 | ३७,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुष ११ गते (26 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५५६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Broadway Overseas Employment Service Pvt. Ltd.
Govt. License 378/059/060
Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Mobile: 9748463004,9817838138, 9765050187, 9868942665

## सम्पादकीय

# एमाले नेतृत्वका चुनौती

मुलुकको सबैभन्दा ठुलो वामपन्थी दल नेकपा एमालेको ११औं महाधिवेशन सकिएको छ । जेनजी आन्दोलनपछि पुराना दल दबाबमा परेका बेला एमालेले अर्ली महाधिवेशन गरेर नयाँ राजनीतिक सन्देश दिएको छ । चौतर्फी आलोचना र २३ भदौको मानवीय क्षतिको आरोपबीच तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली पार्टी अध्यक्षमा लोकप्रिय मतसहित पुनः निर्वाचित भएका छन् । यस महाधिवेशनले एकातर्फ एमाले अझै कमजोर भइसकेको छैन भन्ने सन्देश दिएको छ भने आन्तरिक लोकतन्त्रमा सुधार गरेको छ ।

महाधिवेशनबाट पुराना दलप्रतिको जनआकर्षण कमी भएको हुन सक्छ, पुरै सकिएको होइन भन्ने सन्देश प्रवाह गरेको छ । एमालेले पछिल्ला तीन महिनामा देशभर जनपरिचालन गऱ्यो । वडादेखि राजधानीसम्म पार्टी पंक्ति सडकमा उत्रियो । भक्तपुरको सल्लाघारीको विशाल सभाले एमालेको संगठन अझै सशक्त छ भन्ने देखायो पनि । सँगै, अध्यक्ष ओलीले एमालेमा आफ्नो विकल्प छैन भन्ने सन्देश दिएका छन् । दलबाहिर जति आलोचना भए पनि पार्टीभित्र ओली लोकप्रिय रहेको अध्यक्षमा करिब ७५ प्रतिशत मतसहित निर्वाचित हुनुले पनि पुष्टि गरेको छ ।

महाधिवेशनबाट एमालेले केही सुध्रिएको देखाउन खोजेको छ । खासगरी, केन्द्रीय कमिटीमा युवा प्रतिनिधित्व बढाइएको छ । केन्द्रीय कमिटीमा युवा प्रतिनिधि र अनिवार्य कोटाले एमाले नयाँ पुस्ताप्रति पूर्ण बेवास्ता छैन भन्ने सन्देश दिएको छ । जेनजी आक्रोशका बीच यो कदम अर्थपूर्ण देखिन्छ । अपांगता भएका व्यक्तिको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । साथै, १९ सदस्यीय पदाधिकारीमा पनि आठ नयाँ नेताहरू प्रवेश गरेका छन् । भलै, महिला, दलित र मधेसको प्रतिनिधित्व नाजुक छ ।

भृकुटीमण्डप महाधिवेशनमार्फत एमाले पुनः आन्तरिक लोकतन्त्रको अभ्यासमा फर्किएको छ । १०औं महाधिवेशनमा नेतृत्वका लागि प्रतिस्पर्धा गर्न नदिइएको भन्दै पार्टीभित्र चर्को आलोचना हुँदै आएको थियो । यसपटक एमाले आठौं र नवौं महाधिवेशनकै शैलीमा प्रतिस्पर्धाबाट नेतृत्व चयन गरेको छ । यसले अध्यक्ष ओलीको अलोकतान्त्रिक छवि सुधारमा समेत योगदान गरेको छ । सँगै, अल्पमत पक्षलाई मिलाएर लैजानुपर्ने चुनौती एमालेको नवनिर्वाचित नेतृत्वमाथि छ । पदाधिकारी तहमा ओली वर्चस्व भए पनि इतरसमूहलाई बेवास्ता गर्न मिल्ने अवस्था छैन । शपथग्रहण समारोहमा अनुपस्थित भएर ईश्वर पोखरेलले अन्तरसंघर्ष कायमै रहेको सन्देश दिइसकेका छन् । समन्वय कलामा कमजोर ओलीले अल्पमतलाई कसरी मिलाएर लैजान्छन् त्यो हेर्न भने बाँकी नै छ । ११औं महाधिवेशनमार्फत एमालेले देखाएको शक्तिमा बदलिँदो राजनीतिक चेतनाको तालमेल मिलाउन नसके यो शक्ति धेरै दिन टिक्न भने मुस्किल हुनेछ ।

# फोहोर व्यवस्थापनको सकस

*नेपालमा फोहोरमैलालाई पुनः प्रयोग र प्रशोधन गरी लाभ लिन सकिएको छैन । स्थानीय निकायहरूले 'फोहोरलाई मोहरमा बदलौं' भन्ने नारा लगाए पनि आजसम्म सार्थकता पाएको छैन ।*

**अग्रलेख**



● झलक शर्मा

नेपालको राजधानी काठमाडौंलाई सुन्दर सहरका रूपमा विकास गर्न सकिएको छैन । अत्यधिक जनसंख्याको चाप, बढ्दो सहरीकरणले यहाँको जनजीवन कोलाहलपूर्ण बनेको छ । समाज, उद्योग कलकारखाना र स्वास्थ्य संस्थाबाट निस्किएको फोहोरलाई व्यवस्थापन गर्न महानगरपालिकालाई धौधौ परिरहेको छ । त्यसका अतिरिक्त अत्यधिक सवारी चाप र त्यसबाट निस्कने धुवाँ, निर्माणाधीन सडक, गल्लीबाट उत्पन्न हुने धुलोले जनजीवनलाई प्रभावित बनाउँदै आएको छ । फोहोरमैलाको उचित व्यवस्थापन गर्न नसक्दा मानिसको स्वास्थ्यमा प्रतिकूल असर पारिरहेको छ । नेपालको वर्तमान संविधानले स्थानीय सरकारलाई नै फोहोर व्यवस्थापनको जिम्मा दिएको छ तर स्थानीय सरकार र संघीय सरकारबीचको उचित समन्वयको अभावले बारम्बार उपत्यकाको फोहोर व्यवस्थापनमा समस्या आइरहेको छ । हाल उपत्यकाको फोहोर नुवाकोटको बन्चरेडाँडा र सिस्डोलमा विसर्जन हुँदै आएको छ । तर त्यस क्षेत्रका बासिन्दाले आफूलाई परेको पीडा समाधान गर्न फोहोर विसर्जनमा अवरोध गरी सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै आएका छन् । एक महिना अघि बन्चरेडाँडाका बासिन्दाले अवरोध गरेको भन्दै फोहोर आफ्नै घर, अफिसको कम्पाउन्डभित्रै व्यवस्थापन गर्न काठमाडौं महानगरपालिकाले सार्वजनिक सूचना नै जारी गरेको थियो । त्यसपश्चात् ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा भएको सरकार र सरोकारवाला प्रभावित स्थानीय बासिन्दाबीच बसेको वार्ताले ११ बुँदे लिखित सहमति गरेपछि उक्त अवरोध तत्कालका लागि हटेको छ ।



वातावरण प्रभाव मूल्यांकन प्रतिवेदनअनुसार जग्गा अधिकरणका लागि आवश्यक बजेट विनियोजन गर्ने, घर-टहरा तथा बालीको मुआब्जा, क्षतिपूर्ति प्रदान गर्ने लगायतका विषयमा सहमति भएको छ । फोहोरबाट निस्केको लिचेट सिधैं पानीको मुहानमा मिसिएकाले लिचेटको दीर्घकालीन समाधान गर्नुपर्ने स्थानीय बासिन्दाको माग रहेको छ । स्थानीय बासिन्दाले राखेको मागबारे सरकार संवेदनशील भई फोहोर व्यवस्थापनमा उचित ध्यान दिनु जरुरी छ । एक क्षेत्रबाट सिर्जित फोहोरले अर्को क्षेत्रमा विसर्जन गर्दा त्यस क्षेत्रका बासिन्दामाथि क्षति हुने गरेको छ । सबैभन्दा ठुलो क्षति त स्वास्थ्य हानि नै हो । फोहोरमैलाको दुर्गन्धबाट दीर्घकालीन रोग, विभिन्न संक्रमण रोगहरूले सिंगो समुदायलाई नै प्रभावित बनाएको छ ।

फोहोरमैलाको संकलन, ढुवानी, विसर्जन र त्यसको पुनः प्रयोगसम्म विशेष सावधानी अपनाउनुपर्छ । नेपालमा फोहोरमैलालाई पुनः प्रयोग र प्रशोधन गरी लाभ लिन सकिएको छैन । स्थानीय निकायहरूले 'फोहोरलाई मोहरमा बदलौं' भन्ने नारा लगाए पनि आजसम्म सार्थकता पाएको छैन । फोहोरमैलाको सम्बन्धमा अध्ययन, अनुसन्धानको कमी, यस सम्बन्धमा कुनै योजना नै नबन्नु दुःखद कुरा हो । फोहोरमैलाको वर्गीकरणसहित चक्रीय प्रयोगबाट वैज्ञानिक व्यवस्थापन गर्ने र आवश्यक पूर्वाधार निर्माण गरी त्यसबाट लाभ लिने प्रणालीको विकास गर्नु जरुरी छ ।

नेपालको ग्रामीण भेगको फोहोर संकलन र विसर्जनमा राज्यले ध्यान नै दिन सकेको छैन । स्थानीय बासिन्दाले घर समुदायबाट निस्केको फोहोर नदी, खोला-खोल्सामा बगाउने तथा कुनै स्थानमा जलाउने गरेको देखिन्छ । उक्त अभ्यास फोहोर व्यवस्थापन भएका विकसित सहरहरूमा पनि रहेको छ । उपत्यकाको वाग्मती, विष्णुमती, धोबीखोलालगायतका नदीहरूमा ढल मिसाउने, फोहोरमैला विसर्जन गर्ने प्रवृत्ति रहेको छ । यसले नागरिक सचेतना स्तरको पर्दाफास गरेको छ भने सरकारले नियन्त्रण गर्न नसकेको लाचारीपन पनि स्पष्ट देखिन्छ । मानव सिर्जित फोहोर कम गर्न र सार्वजनिक स्थलहरू, नदी प्रणाली, ताल, सिमसार क्षेत्र, वन्यजन्तुको बासस्थान, धार्मिक सांस्कृतिक स्थल तथा सडकको छेउछाउलगायत स्थानमा फोहोर विसर्जनमा कडाइ गर्नुपर्छ । यस्तो प्रवृत्तिलाई नियन्त्रण गर्न नगर प्रहरीको उपस्थिति बढाउनुपर्दछ । सहरी वातावरण सुधार गर्न एकीकृत सहरी फोहोर व्यवस्थापन कार्यक्रममा जोड दिनुपर्छ ।

काठमाडौं महानगरपालिकाको गौरव योजना 'धुलोरहित सडक कार्यक्रम'लाई मूर्तरूप दिनु जरुरी छ । यस कार्यक्रममा सडकका खाल्टा-खुल्टी पुर्ने, मर्मत गर्ने, कालोपत्रे तथा आवश्यकताअनुसार ढलान गर्ने, ढल मर्मत गर्नेजस्ता काम रहेका छन्, जसले वातावरण संरक्षण गर्न मद्दत पुऱ्याउँछ । समुदायमा नै फोहोरमैला उत्पन्न एवं उत्पादन घटाउन विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न-गराउनुपर्छ । कुहिने फोहोरलाई कम्पोस्ट मल बनाई बगैंचा, खेतबारीमा समेत प्रयोग गर्न प्रोत्साहन गर्नुपर्छ । नगरवासीलाई कौसी खेती गर्न लगाई तत्सम्बन्धी तालिम प्रदान गर्नुपर्दछ । फोहोरमैला संकलक तथा सरसफाइकर्मीको नियमित स्वास्थ्य परीक्षण, मनोसामाजिक परामर्श तथा सुरक्षाको प्रबन्ध गर्नुपर्दछ । पुनः प्रयोग तथा पुनः चक्रिय फोहोर बिक्रीको प्रबन्ध स्थानीय तहले नै गर्नुपर्दछ । ल्यान्डफिल साइटको वैज्ञानिक अनुसन्धान, वस्तीको पूर्वावलोकन, भावी असरलगायत सम्बन्धित विषयको अध्ययन गर्नुपर्छ ।

फोहोरमैला व्यवस्थापनमा नागरिक दायित्व अभिवृद्धि गर्नुपर्ने देखिन्छ । ल्यान्डफिलमा विसर्जन गरिने फोहोरमा कर लगाउने र उक्त उठेको राजस्व ल्याण्डफिल साइटलाई वैज्ञानिक र सुव्यवस्थित बनाउन प्रयोग गर्नुपर्दछ । नेपाली बजारमा प्लास्टिकजन्य वस्तुको प्रयोगमा निरुत्साहित गर्ने एवं नियन्त्रणको प्रयास गर्नुपर्दछ । फोहोर व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागी गराई फोहोर प्रशोधनबाट ऊर्जा उत्पादन, सजावटका सरसामान, कम्पोस्ट मल बनाउन प्रेरित गर्नु आवश्यक छ । सभा सम्मेलन, आन्दोलनबाट निस्केको फोहोरलाई फोहोर गर्ने पक्षलाई जिम्मेवार बनाउन नयाँ नियम तर्जुमा गर्नु आवश्यक छ । घर, भवन तथा अन्य भौतिक संरचनाका निर्माण सामग्रीलाई निश्चित स्थानमा राख्ने परिपाटीको विकास गर्नुपर्छ । फोहोर व्यवस्थापनमा स्थानीय बासिन्दा, सक्रिय युवा क्लब, महिला समूह, नागरिक समाजको समन्वय र सहकार्य हुनु जरुरी छ । उक्त कार्यका लागि यस्ता संघसंस्थाले सचेतनामूलक अभियान सञ्चालन गर्दा समाजलाई स्वच्छ हरियो बनाउन सकिन्छ । फोहोर व्यवस्थापनमा दण्ड, सजायँ र पुरस्कारको व्यवस्था लागू गर्नु औचित्यपूर्ण हुन्छ । कम फोहोर गर्ने कम्पनी, समुदाय, टोललाई पुरस्कृत गर्ने अभ्यास गरियो भने पक्कै पनि फोहोर उत्पादनमा न्यूनीकरण गर्न सकिन्छ । एकीकृत सहरी विकास योजनालाई मूर्तरूप दिन सकियो भने सभ्य नगर निर्माणमा सहयोग पुग्छ ।

> *फोहोर व्यवस्थापनलाई दिगो र वातावरणमैत्री बनाउँदै नागरिकलाई सचेत र जिम्मेवार तुल्याउनु राज्यको दायित्व हो । फोहोर व्यवस्थापनमा कठिनाइ उत्पन्न भएमा तिनै तहका सरकारको समन्वयमार्फत दीर्घकालीन योजना निर्माण गरी सुन्दर सहरको परिकल्पना गर्नु जरूरी छ ।*

फोहोर व्यवस्थापनलाई दिगो र वातावरणमैत्री बनाउँदै नागरिकलाई सचेत र जिम्मेवार तुल्याउनु राज्यको दायित्व हो । फोहोर व्यवस्थापनमा कठिनाइ उत्पन्न भएमा तिनै तहका सरकारको समन्वयमार्फत दीर्घकालीन योजना निर्माण गरी सुन्दर सहरको परिकल्पना गर्नु जरुरी छ । नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणको हकलाई मौलिक हकको रूपमा स्थापित गरिएको छ । त्यस्तै फोहोरमैला व्यवस्थापन ऐन २०६८, वातावरण संरक्षण ऐन २०७६, फोहोरमैला व्यवस्थापन राष्ट्रिय नीति २०७९, काठमाडौं महानगरपालिकाको फोहोरमैला संकलन तथा ढुवानीसम्बन्धी कार्यविधि २०८१ लगायतका ऐन, नियम, कार्यविधि, नीति, रणनीतिहरूले स्वच्छ, स्वस्थ, हरियो वातावरण निर्माणमा जोड दिएको पाइन्छ ।

फोहोरमैलाको नकारात्मक असरले मानव जातिलाई मात्र होइन, सम्पूर्ण पारिस्थितिकीय प्रणालीलाई समेत हानी नोक्सानी पुऱ्याउँछ । तसर्थ, अव्यवस्थित सहरिकरणबाट उत्पन्न फोहोरको वैज्ञानिक व्यवस्थापन हुनु आवश्यक छ । फोहोर विसर्जनका लागि ल्यान्डफिल साइटको अनुसन्धान, त्यसको बहुपक्षीय हानीको मूल्यांकन, व्यवस्थापनको प्राविधिक समाधान र स्थानीय बासिन्दाको पीरमर्काको सम्बोधनका लागि समान्यायिकता प्रदान गरी स्वास्थ्य, रोजगारी, शिक्षा, जमिन र बालीको मुआब्जा सुनिश्चित गर्नतर्फ राज्यले ध्यान केन्द्रित गर्नु अनिवार्य छ ।

## इतिहासमा आज

१९ डिसेम्बर १९८६ मा सोभियत संघका नेता मिखाइल गोर्बाचेभले आन्द्रेई सखारोभ र उनकी श्रीमतीलाई गोर्कीको निर्वासनबाट मुक्त गरेका थिए ।



१९ डिसेम्बर १९९७ मा सिल्कएयरको उडान १८५ इन्डोनेसियाको पालेम्बाङ नजिकै मुसी नदीमा दुर्घटनाग्रस्त भएको थियो, जसमा १०४ जनाको मृत्यु भएको थियो ।



१९ डिसेम्बर २०१३ मा युरोपेली अन्तरिक्ष एजेन्सीले अन्तरिक्षयान गैया प्रक्षेपण गरेको थियो ।



१९ डिसेम्बर १९९८ का दिन राष्ट्रपति बिल क्लिन्टनलाई संयुक्त राज्य अमेरिकाको प्रतिनिधि सभाले महाभियोग लगाएको थियो ।



## सामाजिक सञ्जाल



**किशोर नेपाल**

भ्रष्टाचारको कुरा सबैले गर्दछन् । तर देशको वास्तविक स्थिति फरक छ । 'बा' पुस्ता आफ्ना छोराछोरीको 'भविष्य निर्माणका लागि' सरकार र समाजको दोहन गर्दछन् । जेनजी पुस्ताका छोराछोरी त्यही सम्पत्तिको बलमा विद्रोहको मञ्चन गर्दछन् ! वाह क्या सिन है !



**सूर्यराज आचार्य**

समस्या पूरै जीवनको पूर्णकालीन राजनीति पो हो कि ? पहिले कुनै पेसा/व्यवसायमा जम्ने । त्यसपछि विचार, निष्ठा, भिजन र योजनासहित राजनीतिमा हाम फाल्ने । पार्टी या नेतृत्वले कैफियत गऱ्यो भने चित्त दुखाउने होइन, खुरुक्क आफ्नै पुरानो ठाममा फर्कने । आइडिया कस्तो लाग्यो ?



**निर्मल प्रसाईं**

घाइतेहरूको सडकमा बिचल्ली, मृतक परिवारलाई राहतभन्दा आहत बढी, पानी बाँड्ने घुसपैठ तत्वले जेनजी आन्दोलन तुहाए, बेमौसमी चुनाव घोषणा गरेर जेनजी विद्रोहको मुद्दा कुहाए । कार्की आयोग घाम तापेर बस्दा जेनजी नरसंहारी उम्किने भए, कार्की सरकार जेनजी अभियन्ता मात्रै पक्राउ गर्छ



**विनोद न्यौपाने**

प्रतिनिधिमूलक प्रजातन्त्रको आन्तरिक निर्वाचनमार्फत राम्रो सुरुवात, प्रत्यक्ष विरोधीलाई दमन नगर्ने, पारदर्शी मतदानको व्यवस्थाको सुरुवात गरेको छ, कम्युनिस्ट भएँ पनि, अबको यही अर्थ- राजनीति व्यवस्थामा भित्तोमा स्टालिन र माओको फोटो टाँसे पनि कम्युनिस्ट रहेनन् ।

# अन्धविश्वासको चमत्कार र मानव सभ्यता

**विचार**



● रञ्जना बास्ताकोटी

> *राम, कृष्ण, येशु, अल्लाह- सबै पात्रहरूलाई जब तर्कको मापनमा राखिन्छ, तब उनीहरू कथाका चरित्र मात्र ठहरिन्छन्, इतिहासको पानामा होइन । हात्तीको टाउको मानिसको शरीरमा जोड्ने, पर्वत उठाउने, समुद्र मन्थन गर्ने कथा, यी सबै मानव कल्पनाको फुलबुट्टा मात्रै हुन् ।*

मानव सभ्यताको सबभन्दा ठुलो विडम्बना के हो भने हामी अझै पनि हजारौं वर्षअघि लेखिएका कथाहरूमा सत्यता खोज्दै छौं । २ हजार वर्षअघि कसैले लेखेको कुनै कथालाई आजसम्म इतिहास ठान्ने प्रवृत्ति हाम्रो चेतनाको सबैभन्दा गहिरो समस्या हो । 'येशु' भन्ने पात्र त्यसको सबैभन्दा ठोस उदाहरण हो- जन्ममिति अज्ञात, पिताको नाम अप्रमाणित, बाल्यकाल अस्पष्ट र अस्तित्व पुष्टि गर्ने एक टुक्रा प्रमाण पनि नपाइएको । तर आज अर्बौं मानिस उनका नाममा जीवन समर्पण गर्छन्, उद्धार खोज्छन् र स्वर्गको टिकट किन्ने आशा राख्छन् । मानौं प्रमाण होइन, विश्वास नै सत्यको मापदण्ड हो ।

धर्मग्रन्थहरूले सजाएका चमत्कारका कथाहरू विज्ञानको प्रकाशमा अर्थहीन छन् । पानीमा हिँड्ने, मृतबाट बाँच्ने, आकाशबाट सन्देश ल्याउने- यी कथा आफ्नै समयमै शंकास्पद थिए, आज त असम्भवको सूचक हुन् । तर यही असम्भवमा मानिसको मोह बस्छ किनकि असम्भव कुराले नै अद्भूतको स्वाद दिन्छ । यही अद्भूतताको व्यापार धर्मका ठगहरूले ७० शताब्दीदेखि चलाइरहेका छन् । मानिस जहाँ डराउँछ, त्यहीं व्यापार फस्टाउँछ- पापको डर, मृत्युको भय, उद्धारको लोभ । डर र आशाको यही संगमबाट 'चमत्कार' नामक उत्पादन जन्मिन्छ ।

धर्मको बजारमा सबैभन्दा बढी पीडित त विश्वास गर्नेहरू नै हुन् । उनीहरू पाप र उद्धारबीचको रस्साकस्सीमा बाँधिन्छन् । विवेकभन्दा दण्डको डर ठुलो हुन्छ, प्रश्नभन्दा पापको भाव गहिरो हुन्छ । जसले 'किन ?' सोध्न छाड्यो, ऊ स्वतन्त्र रहँदैन, त्यो मनोवैज्ञानिक दासत्व हो । यही कमजोरी धर्म-व्यापारीहरूले सटिक रूपमा चिनेका छन् । मानिसहरूलाई 'भरोसा गर, प्रश्न नगर' भन्ने मन्त्र सिकाएर उनीहरूले चेतनाको ढोका बन्द गरिदिएका छन् । यही सूत्रमा चलिरहेका छन् ठुला धार्मिक संस्थान, जसले अन्धकारमा चमकको भ्रम बेचिरहेका छन् ।

अन्धभक्तको अवस्था हेरौं, न विज्ञान बुझ्ने चासो, न इतिहास जान्ने इच्छा, न त प्रमाण खोज्ने क्षमता । उसले पढ्ने कुरा प्रचार हो, सुन्ने कुरा प्रवचन । धर्मका ठगहरूले दिएको वाक्य नै उसका लागि सत्य हुन्छ । यही मानसिकता सस्तो विज्ञापनजस्तै छ, जसरी 'हात्ती र हात्तीछाप चप्पल उस्तै हो' भन्ने विज्ञापनमा हामी छाप खोज्थ्यौं, आज 'येशु उद्धारकर्ता' भन्ने वाक्यमा उसले प्रमाण होइन, मुक्ति खोज्छ । धर्मले भावनाको बजारमा ब्रान्ड निर्माण गरेको छ- 'चमत्कार', 'क्षमा', 'स्वर्ग' यी सबै मनोवैज्ञानिक उत्पादन हुन्, जसको मूल्य अन्धविश्वासले तिर्छ ।

तर धर्मको समस्या केवल अप्रमाणित कथामा सीमित छैन । यसले मानिसलाई वास्तविक समस्याबाट टाढा राख्छ । भोक, असमानता, विज्ञान, शिक्षा- यी सबै प्रश्न ओझेलमा पर्छन् । धर्म मानिसलाई स्वर्गको सपनामा व्यस्त राख्छ जबकि पृथ्वीमा ऊ दास बन्छ । अन्धविश्वास एउटा रोग हो- शरीरको होइन, चेतनाको । यसले सोच्ने क्षमता हराउँछ, प्रश्न गर्ने साहस मार्छ ।

राम, कृष्ण, येशु, अल्लाह- सबै पात्रहरूलाई जब तर्कको मापनमा राखिन्छ, तब उनीहरू कथाका चरित्र मात्र ठहरिन्छन्, इतिहासको पानामा होइन । हात्तीको टाउको मानिसको शरीरमा जोड्ने, पर्वत उठाउने, समुद्र मन्थन गर्ने कथा, यी सबै मानव कल्पनाको फुलबुट्टा मात्रै हुन् । तर समस्या कथामा होइन, त्यसलाई 'सत्य' मानेर प्रश्न गर्न नपाउने सोचमा हो । जब समाजले प्रश्न गर्न छोड्छ, त्यतिबेला नै अन्धकार जन्मिन्छ ।

सत्य सधैं सरल हुन्छ- जुन कुरा प्रमाणले पुष्टि गर्न सक्दैन, त्यो विश्वास होइन, भ्रम हो । मानिस स्वतन्त्र तब मात्र हुन्छ, जब ऊ प्रश्न गर्न सक्छ, जब ऊ डरका परिस्थितिबाट माथि उठ्न सक्छ । ज्ञान र चेतना नै मुक्तिको बाटो हो । शिक्षा त्यो शक्ति हो जसले विश्वासको जाल तोड्छ र विवेकको ज्योति बाल्छ । विज्ञानले सिकाउँछ- 'जान्नु' नै पूजा हो, 'सोध्नु' नै प्रार्थना हो ।

मुक्ति कुनै स्वर्गमा होइन, हाम्रो सोचभित्र छ । चमत्कार होइन, तर्कले नै मानिसलाई स्वतन्त्र बनाउँछ । जब हामी प्रमाणको आधारमा विश्वास गर्न थाल्छौं, तब मात्रै हामी धर्म होइन, चेतनाको मार्गमा हिँड्न थाल्छौं । र यही मार्ग नै मानव सभ्यताको वास्तविक पुनर्जन्म हो- अन्धविश्वासको चमत्कारबाट तर्कको उज्यालोतर्फको यात्राको सुरुवात हो ।

# करदाता सेवा कार्यालय खारेज गर्ने निर्णयविरुद्ध आन्दोलन

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, ३ पुस




सरकारले देशभरका विभिन्न करदाता सेवा कार्यालयहरू खारेज गर्ने निर्णय गरेपछि रौतहटको सदरमुकाम गौरमा व्यवसायीहरू आन्दोलित भएका छन् । रौतहट उद्योग वाणिज्य संघको अगुवाइमा बिहीबार करदाता सेवा कार्यालय गौरको मूल गेट अगाडि विरोध सभा तथा प्रदर्शन गरिएको छ ।

संघका अध्यक्ष रविन्द्रनाथ गोपालीको नेतृत्वमा आयोजित विरोध कार्यक्रममा सयौं उद्योगी व्यवसायी, व्यापारी तथा विभिन्न पेसागत संघ संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । सहभागीहरूले सरकारको निर्णयलाई व्यवसायी विरोधी र स्वेच्छाचारी भन्दै चर्को नाराबाजी गरेका थिए । विरोध सभालाई सम्बोधन गर्दै अध्यक्ष गोपालीले गौरस्थित करदाता सेवा कार्यालय खारेज गर्ने निर्णयले साना तथा मझौला व्यवसायीहरू प्रत्यक्ष रूपमा प्रभावित हुने बताए । 'वर्षौंदेखि यहाँका हजारौं व्यवसायीलाई सहज रूपमा सेवा दिँदै आएको कार्यालय हटाएर अन्यत्र जान बाध्य बनाउनु व्यवसायीलाई दुःख दिनु हो,' उनले भने ।

उनले सामान्य कर चुक्ता, दर्ता तथा अन्य प्रशासनिक कामका लागि समेत अब व्यवसायीहरूले समय र अतिरिक्त खर्च बेहोर्नुपर्ने अवस्था सिर्जना भएको उल्लेख गरे । एकातिर सरकारले डिजिटल नेपालको नारा लगाउने र अर्कोतिर स्थानीय स्तरमै उपलब्ध भौतिक सेवा कटौती गर्नु विरोधाभासपूर्ण भएको उनको भनाइ थियो । अध्यक्ष गोपालीले सरकारलाई उक्त निर्णय तत्काल फिर्ता लिन भन्दै चेतावनीसमेत दिए । 'यदि व्यवसायीहरूको मागलाई बेवास्ता गरियो भने बजार बन्द, धर्ना र रिले अनशनजस्ता चरणबद्ध आन्दोलनका कार्यक्रम घोषणा गरिनेछ,' उनले भने ।

विरोध सभामा उद्योग वाणिज्य संघका पदाधिकारीहरू, विभिन्न वस्तुगत संघका प्रतिनिधि तथा स्थानीय सरोकारवालाहरूको उल्लेख्य उपस्थिति रहेको थियो । सहभागीहरूले करदाता सेवा कार्यालय यथावत् राख, व्यवसायीलाई दुःख दिने निर्णय फिर्ता गर लगायतका नारा लेखिएका प्लेकार्ड प्रदर्शन गरेका थिए । सरकारले प्रशासन सुधार र खर्च कटौतीको नाममा देशभरका करिब ३७ वटा करदाता सेवा कार्यालय खारेज गरी नजिकका आन्तरिक राजस्व कार्यालयमा गाभ्ने तयारी गरेपछि विभिन्न जिल्लामा यतिबेला विरोध चर्किँदै गएको छ ।

# गोरखा सेवा समाज कतारले मनायो २३औं स्थापना दिवस

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ३ पुस



गोरखा सेवा समाज कतारले आफ्नो २३औं स्थापना दिवस विविध गतिविधिसहित भव्य रूपमा मनाएको छ । कतारको राष्ट्रिय दिवसको अवसर पारेर समाजले अंग्रेजी नयाँ वर्षको शुभकामना आदान प्रदान तथा विविध सांस्कृतिक कार्यक्रम सहित बिहीबार फूलबारी रेस्टुरेन्टको सभा हलमा स्थापना दिवस मनाएको हो ।

समाजका अध्यक्ष विकास श्रेष्ठको सभाध्यक्षता तथा ग्लोबल गोरखा समाज उपाध्यक्ष श्रीकृष्ण भट्टराईको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा गोरखालीहरूको गाथा समेटिएको भिडियो समेत प्रदर्शन गरिएको थियो । गोरखाली को हुन् ?, र के हुन् भन्ने अभिलेख समेटिएको गाथामा गोरखा जिल्लाको पर्यटकीय, धार्मिक स्थल सहित गोरखामा पाइने जटिबुटीका बारेमा स्पष्टसँग उल्लेख गरिएको थियो ।

कार्यक्रममा समाजका संस्थापक सदस्य बुधबल गुरुङले समाजको स्थापनादेखि वर्तमानसम्मको उतारचढावको लामै अनुभव साझा गरेका थिए ।

उनले डिसेम्बर १२ तारीक २००३ का दिनमा केही साथीहरू मिलेर दोहाको अलफ्रदान नजिककै पार्कमा जम्मा भइ 'गोरखा प्रवासी संघ'नामकरण गर्दै समाजको स्थापना गरिएको बताए ।

कलाकारको हितका लागि 'मनकामना कला केन्द्र'समेत समाजले त्यतिबेला गठन गरेको स्मरण गर्दै हाल समाजले २५ लाख बराबरको जिल्लामा अक्षयकोष स्थापना गरेको बताए । स्थापना दिवसको अवसर पारेर समाजका संस्थापक सदस्यहरू क्रमशः बुधबल गुरुङ, अर्जुन संग्रौला र यम बहादुर आलेलाई दोसल्ला ओढाएर मायाको चिनोसहित सम्मान पत्रद्वारा सम्मान गरिएको थियो ।

कार्यक्रममा नेपालबाट आमन्त्रित सारेगमा लिल च्याम्प सिजन-१ का फाइनलिस्ट गायक अरुण सुनारले वारी जमुना पारी जमुना गाए । कतारमा रहेका गायकद्वय संगीत बिसी र पुकार थापा गायिकाहरू रेश्मी सेन्चुरी, तारा बिसी र गुना मगरले आफ्ना गायन मार्फत दर्शकलाई छमछमी तताए ।

त्यस्तै सम्झना गुरुङ, र सानुमाया गुरुङले युगल नृत्य पेस गरे भने सरिता बान्तवा राई, सृष्टि लामा, प्रिया लामा, सानुमाया र सलिना सीं ठकुरीले एकल आकर्षक नृत्य पेस गरे ।

कार्यक्रममा सुन्तला र स्याउ कसले छिटो खान सक्छ भनेर मनोरञ्जनात्मक खेल खेलाइएको थियो । जसमा महिलातर्फ सम्झना गुरुङ र पुरुषतर्फ बाबुराम महतले उक्त खेलको उपाधि जितेका थिए ।

मध्यान्ह राष्ट्रिय दैनिक सञ्चार सहयोगीका रूपमा रहेको कार्यक्रममा कतारमा स्थापित दर्जनौं संघसंस्थाका प्रमुख, प्रतिनिधि, सामाजिक, व्यवसायी तथा बौद्धिक व्यक्तित्वहरूको उपस्थिति सहित शुभकामना मन्तव्य रहेको थियो ।

# शैक्षिक गुणस्तरका लागि सबैको हातेमालो जरुरी

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३ पुस



शैक्षिक गुणस्तर अभिवृद्धिका लागि माध्यमिक तहका प्रधानाध्यापकहरूसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । शिक्षा विकास तथा समन्वय ईकाइ अर्घाखाँचीको आयोजनामा आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत जिल्लाका सामुदायिक विद्यालय अन्तर्गत माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूसँग अन्तर्क्रिया कार्यक्रम सदरमुकाम सन्धिखर्कमा सम्पन्न भएको हो । कार्यक्रममा विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आ-आफ्ना विद्यालयले गरेका राम्रा अभ्यास, समस्या र समाधानमा विद्यालयले गरेका प्रयासबारे प्रधानाध्यापकहरूबीच अन्तर्क्रिया गरिएको शिक्षा विकास तथा समन्वय ईकाइ अर्घाखाँचीले जनाएको छ ।

अन्तर्क्रियामा जिल्लाका विभिन्न माध्यमिक विद्यालयले गरेका असल अभ्यासहरूलाई अन्य विद्यालयले पनि अनुशरण गर्नुपर्नेमा वक्ताहरूले जोड दिएका थिए । त्यस्तै जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जीवनारायण कोइरालाले शैक्षिक क्षेत्रको विकासका लागि सबै क्षेत्रको योगदान र सहकार्य आवश्यक रहेको बताए ।

जिल्लास्तरिय माध्यमिक तहका प्राधानाध्यापकसँग गरिएको अन्तर्क्रिया कार्यक्रममा बोल्दै कोइरालाले शैक्षिक क्षेत्रको गुणस्तर सुधारमा सबै क्षेत्रको सहकार्य आवश्यक रहेको बताए ।

प्रमुख कोईरालाले समग्र विकासका लागि शिक्षा क्षेत्रको विकास अत्यावश्यक रहेको भन्दै शिक्षा क्षेत्रको समुचित भूमिकाबिना विकास र समृद्धि हाँसिल हुन नसक्ने जिकिर गरे । देश विकासमा पछाडि पर्नुमा शैक्षिक खराबी पनि जिम्मेवार रहेको उनको भनाइ थियो ।


## भुगर्भ सिमेन्ट लिमिटेडको
(का.म.न.पा. - ११, काठमाडौं, द.नं. ३१४३०५)

**हकप्रद शेयर बापतको रकम माग गर्ने सम्बन्धी सूचना**

(पहिलो पटक प्रकाशित २०८२/०९/०४)

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस कम्पनीको मिति २०८२/०९/०१ गते बसेको साधारण सभाबाट निर्णय भए बमोजिम यस कम्पनीले १००:६० को अनुपातमा जारी गर्न लागेको हकप्रद शेयरको सम्बन्धमा शेयर बापतको रकम माग गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गरिएको हुँदा, यो सूचना जारी भएको मिति देखी ३५ दिन भित्रको समयमा प्रति शेयर रु.१००/- का दरले उक्त हकप्रद शेयर बापतको रकम, यस कम्पनीको खातामा दाखिला गरी कम्पनीको रजिष्टर्ड कार्यालयमा सो दाखिला गरेको भौचरको अधकट्टि पेश गर्नु हुन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई यस सूनचा मार्फत हार्दिक अनुरोध गर्दछौं ।

**सञ्चालक समितिको आज्ञाले,**
**अध्यक्ष, सञ्चालक समिति ।**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको स्वेच्छिक खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/१२/१२ मा दर्ता भएको **प्रा. लि. नं. २११५५६** को श्री **लिभिङ वाटर होस्टेल** मुनाफा वितरण नगर्ने नामक कम्पनी यस कार्यालयको मिति २०८२/०४/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## SEE को सर्टिफिकेट हराएको सूचना

मिति २०८२/०६/१२ गतेको दिन जावलाखेल देखि रत्नपार्कसम्म जाँदा मेरो निम्न विवरण भएको २०७३ सालको SEE को सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न नंम्बरमा सम्पर्क गरि बुझाइदिनु हुन अनुरोध गर्दछु ।

**नामः एलिना सुनार**
**ठेगानाः भानु-०१, तनहुँ**
**रजिष्ट्रेसन नं. ७३४२०२७००३**
**सिम्बोल नं. : 0421847w**
**सम्पर्क नं: ९७६११३८५०२**

## भिजन ईनर्जि एण्ड पावर लि.
का.म.न.पा. १०, काठमाण्डौ, फोन नं: ०१-५२४४९९८
Website: www.veplinfo.com, Email:visionenergy@veplinfo.com

**चौथो (पब्लिक कम्पनीमा परिणत भए पश्चात) बार्षिक साधारणसभा सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/०९/०३

श्री शेयरधनी महानुभावहरु,
यस कम्पनीको मिति २०८२/०८/२९ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस भिजन ईनर्जी एण्ड पावर लि. को चौथो (पब्लिक कम्पनीमा परिणत भएपश्चात) बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका बिषयहरु उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने तय भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ :

**सभा हुने मिति, समय र स्थान:**
मिति : २०८२/०९/२८ (तद्नुसार २०२६/०१/१२) सोमवार
समय : दिनको ३ :०० बजे
स्थान : भर्च्युअल विधि, जुम मार्फत
(जुम लिङ्क सभा हुनुपुर्व ईमेल तथा एस.एम.एस. मार्फत उपलब्ध गराइनेछ ।)

**छलफलका बिषयहरु :**

(क) साधारण प्रस्ताव
१. आर्थिक बर्ष २०८१/८२ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा।
२. आर्थिक बर्ष २०८१/८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण स्वीकृत गर्ने सम्बन्धमा।
३. आर्थिक बर्ष २०८२/८३ को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।

(ख) विशेष प्रस्ताव
१. प्रारम्भिक शेयर निष्काशन (IPO) मार्फत सर्वसाधारणमा कम्पनीको शेयर जारी गर्ने र उक्त निष्काशन गर्ने क्रममा आवश्यक कार्य गर्नका लागि अख्तियारी सम्बन्धमा

(ग) विविध

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## चन्द्रनगर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चन्द्रनगर, सर्लाही
मधेश प्रदेश, नेपाल

**सूचना सच्याईको बारे**

(प्रकाशन मितिः२०८२/०९/०४ गते)

यस गाउँपालिकाद्वारा मिति : २०८२/०९/०३ गते प्रकाशन भएको बोलपत्र आह्वानको सूचनामा पालिकाको राजस्व खाताको विवरण CHANDRANAGAR GA.PA 1.1 AANTARIK RAJASWA KHATA: 22801017500031 हुनुपर्नेमा अन्यथा भएकोमा सूचना सच्याईएको व्यहोरा अनुरोध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## मलेशियामा रोजगार
**कम्पनी: Asian Security Services SDH. BHD.**
**शहरः SELANGOR**

पुनः प्रकाशित

पूर्व स्वीकृती मितिः २०८१/१२/१९ | L T. No. 321368 | चलानी नं. ६०२३५५२९

| सि. नं. | कामदारको पद | माग संख्या (पु.) | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी | कामदारको छनौट तरीका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guards | 15 | काममा दक्ष | 1700 | ६०,१८०।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | ८ दिन | छैन | छ | २ वर्ष | अन्तरवार्ता |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने र नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | सामाजिक सुरक्षा कोष सम्बन्धी व्यवस्था | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार तिर्ने | दिने | कामदार तिर्ने | विमा हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | ७००।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | नि:शुल्क | कामदार आफैले | नि:शुल्क |

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसग राख्नुहोला। ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, वानेश्वरमा सम्पर्क राख्नुहोला।

अन्तरवार्ता मितिः २०८२/०९/११ गते (2025 December 26)

**NAVAJEEVAN INTERNATIONAL PVT. LTD.**
Tokha-11, Mahadevtar, Kathmandu, Nepal, Phone No.: 01-4954608, 9841160318
Lic. No.: 565/062/063

## साउदीमा रोजगार
कम्पनी : **NATIONAL CONSTRUCTION CONTRACTING COMPANY** | शहरः DAMMAM
पूर्व स्वीकृत मितिः २०८२/०९/०३ | चलानी नं.: ६०२४८९७५ | LT. No.: 335673

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Machanic | 2 | 0 | सम्बन्धित कामामा दक्ष | 2200 | ८४,६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Equipment Operator | 14 | 0 | | 2500 | ९६,२०० | | | | | | | |
| 3. | Heavy Truck Drivers | 19 | 0 | | 1800 | ६९,२६४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ पुस ११ गते (26 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा.लि.**
चाकुपाट, ललितपुर, नेपाल, फोन : ५२६८२२४
श्रम इजाजत पत्र नं. ११३/०५५/०५६
Mobile: 9847275969, 9851008664, 9851071822, 9863775437, 9851190207, 9801232406, Ithari Contact No: 9852049211

## कुवेतमा रोजगार
कम्पनीः **RONZA LADIES BEAUTY SALON COMPANY** | शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०९/०३ | चलानी नं.: ६०२४८९८२ | LT. No.:335513

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 15 | स. काममा दक्ष | 150 | ७०,५२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस ११ गते (26 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Dana Human Resource Nepal Pvt. Ltd.**
Sinamangal, Kathmandu, Tel.: 01-5923344, 9802373747
Email : dananepalpg@gmail.com , Web: www.dananepal.com
Govt Lic No. 1692/080/81
Contact No: 980-2373747, 980-2397164, 980-2398611, 980-2373751, 9802398610, 9802373753.

## साइप्रसमा रोजगार
कम्पनीः **H. M. R. HELPMATE RECRUITMENT** | शहरः Nicosia
पूर्व स्वीकृत मितिः २०८२/०८/०३ | चलानी नं.: ६०२४८९८३ | LT. No.: 335217

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 400 | ६७,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः **H. M. R. HELPMATE RECRUITMENT** | शहरः Nicosia
पूर्व स्वीकृत मितिः २०८२/०८/०३ | चलानी नं.: ६०२४८९८४ | LT. No.: 335218

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Employee | 10 | 15 | स. काममा दक्ष | 700 | १,१८,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः **H. M. R. HELPMATE RECRUITMENT** | शहरः Nicosia
पूर्व स्वीकृत मितिः २०८२/०८/०३ | चलानी नं.: ६०२४८९८५ | LT. No.: 335219

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 400 | ६७,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः **MELISSA NATIA SHOUFTAS-LIC NO. 533** | शहरः Nicosia
पूर्व स्वीकृत मितिः २०८२/०८/०३ | चलानी नं.: ६०२४८९८६ | LT. No.: 335220

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/waitress | 10 | 10 | स. काममा दक्ष | 700 | १,१८,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस ११ गते (26 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले | रोजगारदाताले | कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | कामदारले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ३०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**D.I.Recruitment Agency Pvt.Ltd.**
Maharajgunj-3, Amrit Bhawan 3rd Floor, Kathmandu, Nepal. Tel No:01-5924237
Email:info@direc ruitmentagency.com, website: www.direcruitmentagency.com
Mobile No: 9802360209 / 9851400933 / 9849142191 / 9768412512 / 9861561442.
श्रम इजाजत नं १७५९/०८१/०८२

## हाइड्रो भिलेज लिमिटेड
HYDRO VILLAGE
(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
कम्पनीको रजिष्टर्ड कार्यालय, ललितपुर म.न.पा.-३, ललितपुर
फोनः ०१-४४४२७८२ ईमेलः hydrovillage722@gmail.com

**तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशितः २०८२/०९/०४

**श्री शेयरधनी महानुभावज्यूहरु,**
यस हाइड्रो भिलेज लिमिटेडको मिति २०८२/०९/०२ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको तेस्रो वार्षिक साधारण सभा तपसिल बमोजिमको मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनी नियमावलीको नियम १८ को उपनियम (३) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थानः**
**मितिः २०८२ साल पौष २५ गते शुक्रबार (तदनुसार सन् २०२६ जनवरी ९)**
**समयः बिहानको ११:०० बजे ।**
**स्थानः कम्पनीको केन्द्रिय कार्यालय, ललितपुर म.न.पा.-३, कृष्णगल्ली, ललितपुर ।**

**छलफलका विषयहरुः**

**(क) साधारण प्रस्तावः**
१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
२) लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु उपर छलफल गरि पारित गर्ने ।
३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/८३ का लागि बाह्य लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
४) कम्पनीको सञ्चालक परिवर्तन गर्ने सम्बन्धमा ।
५) सञ्चालकहरुको पारिश्रमिक तथा बैठक भत्ता तोक्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावः**
१) कम्पनीको शेयर खरिद बिक्री गर्न स्वीकृत दिने, शेयर बाँडफाँड तथा दाखिला खारेज गर्ने तथा विद्युत नियमन आयोग लगायतका नियमन निकायहरुबाट अनुमति लिने सम्बन्धमा आवश्यक सम्पूर्ण निर्णय लिन सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
२) नियमन निकायहरुको निर्देशन अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्नुपर्ने अवस्था आईपरेमा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने सम्बन्धमा ।

**(ग) विविध ।**

**साधारण सभा सम्बन्धि अन्य जानकारीहरुः**
१) प्रतिनिधि (प्रोक्सी) मार्फत साधारण सभामा भाग लिन चाहने शेयरधनीहरुले कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रिय कार्यालयमा कम्पनीले तोकेको प्रोक्सी फारम भरेर पेश गरि सक्नुपर्नेछ । एकभन्दा बढी प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फारम रद्द गरिनेछ ।
२) मिति २०८२/०९/१४ गते देखि साधारण सभा नभईञ्जेलसम्म शेयर दाखिल खारेज बन्द गरिनेछ ।
३) छलफलका विषयसूची मध्ये विविध शिर्षक अर्न्तगत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धि प्रस्ताव कारण सहित उल्लेख गरि प्रशासकीय प्रमुख मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ ।
४) सभामा भाग लिन आउनुहुने महानुभावहरुले प्रवेश पत्र वा आफ्नो शेयर प्रमाणपत्र प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रवेश गर्न पाउनुहुनेछ । कुनै महानुभावले कुनै कारणवश प्रवेश पत्र वा शेयर प्रमाणपत्र प्राप्त गर्न नसक्नु भएमा कम्पनीको केन्द्रिय कार्यालयमा सम्पर्क राखि साधारण सभा हुने मिति अगावै प्रवेश पत्र प्राप्त गर्नहुन अनुरोध गरिन्छ ।
५) अन्य जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालयमा फोन सम्पर्क राख्नुहुन अनुरोध छ ।

**सञ्चालक समितिको आज्ञाले**
**प्रशासकीय प्रमुख**

## कुमारी बैंक लिमिटेड काठमाण्डौंको नाममा रहेको गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना ।

(प्रकाशित मिति २०८२/०९/०४ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लिखित गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) जहां जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा लिलाम बिक्री गर्न यो ७ दिने गोप्य शिलबन्दी बोलपत्रको सुचना प्रकाशित गरीएको छ । उक्त गैह्र बैंकिङ्ग सम्पत्ति खरिद गरि लिन ईच्छुक महानुभावहरुले देहायका शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिनहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**लिलाम हुने सम्पतिको विवरण**
१. **कुमारी बैंक लिमिटेड**को नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला मसुरिया गा.वि.स./न.पा., वडा नं. ५ स्थित कित्ता नं. १४१ र १४५ को क्षे.फ. क्रमशः २२१३.२९ र ३३८७ (व.मी) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सम्पुर्ण लिगलगापातहरु समेत ।

**शर्तबन्देजहरु**
१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले **७ दिन अर्थात मिति २०८२ पुष १० गते** सम्म कुमारी बैंक लि. को केन्द्रिय कार्यालय अन्तरगत कर्जा असुली बिभाग बागबजार काठमाण्डौं/पहलमानपुर शाखामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२) बोलपत्र फारम यस बैंक को केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली बिभाग बागबजार काठमाण्डौं/पहलमानपुर शाखाबाट रु ५००/तिरी प्राप्त गर्न सकिने छ । सो बोलपत्रमा उल्लिखित शर्तहरु समेत यसै सूचनाकै अभिन्न अंग मानिने छ ।
३) बोलपत्रमा आफुले सकार गरि लिन चाहेको गैर बैंकिङ्ग सम्पत्ति के कति रकममा सकार गरि लिन चाहेको हो स्पष्ट रुपमा अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । बोलपत्र पेश गर्दा आफुले कबुल गरेको रकमको १०(दश) प्रतिशतले हुन आउने रकम धरौटि बापत यस बैंकमा जम्मा गरि सो को भौचर,यस बैंकको नाममा खिचिएको बैंक गुड फर पेमेन्ट (Good For Payment) चेक बोलपत्रको साथमा संलग्न गरेको हुनु पर्ने छ । सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन साथै धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४) उक्त घर/जग्गा ब्यक्ति वा संस्था एक्लैले वा संयुक्त रुपमा पनि खरिद गर्न सक्ने गरि बोलपत्र पेश गर्न सकिने छ । ब्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र संस्थाको हकमा दर्ता प्रमाणपत्र र स्थायी लेखा नंबरको प्रतिलिपी पेश गर्नु पर्ने छ ।
५) यो सूचना प्रकाशित भएको मितिले **७ दिन अर्थात मिति २०८२ पुष ११ गते दिनको ३:०० बजे** बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवर बैंकको केन्द्रिय कार्यालय अन्तरगत कर्जा असुली बिभाग बागबजार काठमाण्डौं/पहलमानपुर शाखामा बोलपत्र खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन ।
६) बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा सोको भोलिपल्ट अर्थात बैंक खुलेको दिन सोहि समय भित्र बोलपत्र बुझाउन/खोल्न सकिने छ ।
७) म्याद नाघि वा रित नपुगी आएको तथा शर्त राखि दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
८) बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५(पन्ध्र) दिन भित्र बोलकबोल गरेको धरौटी बाहेकको बांकी रकम रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ, अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुने छ ।
९) प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक कबुल गर्नेलाई समेत बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकार गर्ने वा नगर्ने वा पुन: थप निगोशियसन गर्ने वा लिलाम प्रकृयानै रद्द गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
१०) लिलाम गरिएको सम्पत्ति दाखिल खारेज गर्न सम्बन्धित निकाय अड्डा आदिमा लाग्ने सबै प्रकारका कर, राजश्व, दस्तुर आदि सम्पूर्ण दायित्व बोलपत्रदाताले ब्यहोर्नु पर्नेछ ।
११) अन्य थप जानकारी चाहिएमा बैंकको केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली बिभाग बागबजार काठमाण्डौं/पहलमानपुर शाखामा सम्पर्क गर्न सकिने छ ।

**बोलपत्र खोलिने मिति २०८२ पुष ११ गते शुक्रबार मध्यान्ह १२:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

# 'पेन्सन पट्टा'को छायांकन सुरु



**काठमाडौं/मस–** अभिनेता तथा निर्देशक माओत्से गुरुङको निर्देशनमा बन्ने नयाँ नेपाली फिल्म 'पेन्सन पट्टा'को छायांकन कास्की जिल्लाको रमणीय हिमाली गाउँ ताङतिङबाट सुरु गरिएको छ। अन्नपूर्ण हिमश्रृंखलाको काखमा अवस्थित ताङतिङ प्राकृतिक सौन्दर्य र सांस्कृतिक पहिचानका कारण पर्यटकहरूका लागि पनि चर्चित गन्तव्य मानिन्छ।

बिहीबार गाउँमै शुभ मुहूर्त पूजा गर्दै फिल्मको औपचारिक छायांकन थालिएको हो। मुहूर्त सटमा मुख्य कलाकार पशुपति राई र गौमाया गुरुङले क्यामेरा फेस गरेका थिए। निर्देशक गुरुङका अनुसार फिल्मको अधिकांश दृश्य सोही क्षेत्र आसपासमा खिचिनेछ र करिब ३५ दिनको छायांकन तालिका तय गरिएको छ।

दशकभन्दा बढी समयदेखि गुरुङ भाषाका फिल्ममा सक्रिय माओत्से गुरुङ पछिल्लो समय नेपाली भाषाका फिल्ममा पनि उत्तिकै व्यस्त देखिन्छन्। 'दयारानी' पछि 'पेन्सन पट्टा' उनको दोस्रो नेपाली भाषाको फिल्म हो। 'दयारानी'ले बक्सअफिसमा उल्लेखनीय सफलता हासिल गरेपछि माओत्सेको निर्देशनप्रति दर्शकको अपेक्षा बढेको छ।

'पेन्सन पट्टा'मा दयाहाङ राई, सुनिल थापा, पशुपति राई, गौमाया गुरुङ, बुद्धि तामाङ, विल्सन विक्रम राई, राज थापा काउछा, लुनिभा तुलाधर, यासिली राईलगायतका कलाकारको अभिनय रहनेछ। गुरुङ फिल्ममा लोकप्रिय मानिएका विश्वास गुरुङ र माया गुरुङले यसै फिल्ममार्फत नेपाली मूलधारको सिनेमा डेब्यु गर्न लागेका छन्। कला निर्देशनको जिम्मेवारी राजु याक्चाले सम्हालेका छन्।

